
# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क १० | २०७३ भदौ ६ गते सोमबार | Monday, Aug 22, 2016 | पृष्ठ ८ | मूल्य रु. १०|-


## 'रामवृक्ष माइ्साब-आस्था र निष्ठाको धरोहर'



**सिरहा ।** नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले सहिद रामवृक्ष यादवको २२ औं स्मृति दिवस कार्यक्रमलाई सम्बोधन गर्दै सहिद रामवृक्ष यादव क्रान्तिकारी विचार, आस्था र निष्ठाको धरोहर रहेको बताएका छन् । धनगढी नगरपालिका-६, फुल्काहकट्टीस्थित सहिद प्रतिष्ठानमा सिरहाको जिल्ला पार्टीले आयोजना गरेको कार्यक्रममा अध्यक्ष किरणले रामवृक्ष माइ्साबको जीवन क्रान्तिकारीहरुका लागि अनुकरणीय रहेको भन्दै उहाँको जीवनको सबै पाटोको विषयमा चर्चा गरेका थिए ।

पार्टीका बरिष्ठ नेता सिपी गजुरेलसहित सिरहा पुगेका अध्यक्ष... बाँकी ८ पेजमा

# यसरी पुनर्जागृत हुँदैछ क्रान्तिकारी माओवादी

◆ **वर्गदृष्टि संवाददाता**

*काठमाडौं ।*

राष्ट्रिय भेलादेखि पार्टीको क्षेत्रीय व्यूरोको प्रशिक्षण कार्यक्रमसम्म आइपुग्दा नेकपा (क्रान्तिकारी माओवादी)मा उल्लेखनीय पुनर्जागरण पैदा भएको छ । पार्टीभित्र विचार र राजनीतिको क्षेत्रमा पार्टी कार्यकर्तामा रहेको भ्रम चिर्न यतिखेर नेकपा (क्रान्तिकारी माओवादी) देशभर वैचारिक-राजनीतिक प्रशिक्षणमा जुटेको छ । जिल्लाका अगुवा कार्यकर्तासम्मलाई कमाण्ड( क्षेत्रीय व्यूरो)स्तरमा जम्मा पारेर उसले वैचारिक तथा राजनीतिक विषयमा प्रशिक्षण दिइरहेको छ । प्रशिक्षण कार्यक्रमले देशैभर पार्टीका नेता कार्यकर्तामा उत्साह ल्याएको नेताहरुले बताएका छन् । साउन ३० बाट सुरु गरेको कमाण्डस्तरीय प्रशिक्षण भदौं १० मा सम्पन्न हुने क्रान्तिकारी माओवादीको केन्द्रीय कार्यालयले जनाएको छ ।




### मध्य कमाण्डबाट सुरु सुदूरमश्चिममा अन्त

साउन ३० गते मध्यकमाण्डस्तरीय प्रशिक्षण ललितपुरको कुपण्डोल पार्टी कार्यालयमा सम्पन्न भयो । सो प्रशिक्षण कार्यक्रममा यस कमाण्डन्तर्गतका भोजपुरा, ताम्सालीङ र नेवा राज्यका नेता कार्यकर्ताहरुको बाक्लो उपस्थिति रहेको थियो । करिब पाँच सयको संख्यामा उपस्थित रहेका नेता कार्यकर्ताहरुले प्रशिक्षणपछि वर्गदृष्टि साप्ताहिकसँग कुरा गर्दै प्रशिक्षणले आफूहरुलाई उत्साहित बन्न प्रेरित गरेको जनाएका थिए ।

भदौं १ गते पूर्वी कमाण्डको प्रशिक्षण सुनसरीको इटहरीमा सम्पन्न गरियो । यस कमाण्ड अन्तर्गत पर्ने मिथिला, किरात, कोचिला र लिम्बुवानका नेताकार्यकर्ताहरुले यस प्रशिक्षणमा भाग लिएका थिए । करिब ६ सय नेता कार्यकर्ताहरुले उक्त प्रशिक्षण लिएको कोचिला राज्यमा कार्यरत क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य मनोज श्रेष्ठले वर्गदृष्टिलाई बताए । उनका अनुसार कार्यक्रम भव्यतापूर्वक सम्पन्न भयो ।

भदौ ८ मा पश्चिमाञ्चल कमाण्डको बुटबलमा प्रशिक्षण सम्पन्न गरिदैछ । अवध, तमुवान र मगरात राज्यका नेता कार्यकर्ताहरुले यस प्रशिक्षणमा भाग लिनेछन् भने भदौं १० मा बाँकेको नेपालगञ्जमा हुने सुदुरपश्चिम कमाण्डस्तरीय प्रशिक्षणमा थारुवान, सेती महाकाली र भेरी कर्णालीका नेता कार्यकर्ताहरुले भाग लिनेछन् । प्रशिक्षणका लागि आवश्यक पर्ने सबै तयारी सम्पन्न भइसकेको सम्बन्धित राज्य पार्टीका नेताहरुले जनाएका छन् ।

### जबस-मोर्चाहरुका भेला सम्मेलनहरु

निकै लामो समयदेखि भेला सम्मेलन गर्न नसकेका मोर्चा र जबसहरुको भेला र सम्मेलन यसबीचमा सम्पन्न गरिएको छ । पार्टी निकट क्रान्तिकारी पत्रकार महासंघको राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । मधेसी राष्ट्रिय मुक्ति मोर्चाको राष्ट्रिय भेला सम्पन्न भएको... बाँकी ८ पेजमा

## "यहीबेला सुकुम्बासीका समस्या समाधान गर्नुस्"

**काठमाडौं ।** नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले नेपाल सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड'लाई सुकुम्बासीहरुका समस्यासम्बन्धी एक ज्ञापन पत्र बुझाउँदै जे जस्तो भएपनि कम्युनिष्ट प्रधानमन्त्रीको हैसियतमा सुकुम्बासीहरुको समस्या समाधान गर्न आग्रह गरे । साउन ३२ गते सिहदरबार प्रधानमन्त्रीको कार्यालयमा सुकुम्बासीहरुसहित पुगेका अध्यक्ष किरणले भने, "पञ्चायती व्यवस्थादेखि नै हामीले सुकुम्बासीका समस्या उठाउँदै आयौं, अहिलेसम्म यो समस्या समाधान भएको छैन, जे जस्तो भएपनि तपाईं दोस्रोपटक कम्युनिष्ट प्रधानमन्त्री हुनुभएको छ, यही बेला, तपाईंकै पालामा सुकुम्बासीका समस्या समाधान गर्नुस् ।"

वैद्यको जवाफमा प्रधानमन्त्री प्रचण्डले सुकुम्बासी समस्या गम्भीर विषय भएको र पहिलो पटक नेकपा (क्रान्तिकारी माओवादी)ले यो समस्यालाई संस्थागत र व्यवस्थित रुपले उठाएकोमा धन्यवाद दिँदै सकेसम्म र्‍याडिकल्ली नभए सुधारात्मक ढंगले सुकुम्बासीहरुको समस्या समाधान गर्ने आश्वासन दिए । "म प्रधानमन्त्री हुनेवित्तिकै सुकुम्बासीका विरुद्ध भएका सबै गतिविधिलाई रोक्न लगाएको छु ।" उनले भने, ... बाँकी ७ पेजमा

## वर्गसंघर्षबाट अलग गरेकाले मधेश आन्दोलन असफल भएको हो : वैद्य

◆ **वर्गदृष्टि संवाददाता**/जनकपुर

नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले मधेश आन्दोलनलाई मधेसी दलले वर्गसंघर्षबाट अलग गरेका कारण मधेस आन्दोलन असफल भएको बताए । मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपाल क्रान्तिकारीले जनकपुरमा आइतबार आयोजना गरेको पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष किरणले यस्तो बताएका हुन् ।

अध्यक्ष किरणले राष्ट्रिय मुक्ति, जनमुक्तिलगायत मधेशी, जनजाति, आदिवासी र उत्पीडित वर्गको मुक्तिको निम्ति आफूहरुले विगतमा पनि कार्यगत एकता गर्दै अघि बढेको प्रसंग कोट्याउदैं उनले भने, "मधेशी दलसँग पनि आन्दोलनको क्रममा कार्यगत एकता गर्दै आन्दोलनमा होमिएकै थियौं र फेरि पनि हामी यस आन्दोलनमा समर्थनसहित सहभागि हुन्छौ । मधेशी दलले वर्गीय आन्दोलनबाट मधेश आन्दोलनलाई नजोड्दासम्म मधेस आन्दोलन सफल हुँदैन ।"

संसदीय व्यवस्थाको गोलचक्करमा गई मधेशी जनतालाई फेरि पनि मधेसी दलले ढाँट्ने काम गरे भन्दै अध्यक्ष किरणले फेरि पनि मधेशी दलहरु विगत झैं मधेश आन्दोलनलाई सम्झौताबाट टुंग्याउने नाममा... बाँकी ८ पेजमा

## मधेश आन्दोलनलाई वर्गसंघर्षसँग जोड्नुपर्छ : जनकपुरी

**जनकपुर ।** मधेसी राष्ट्रिय मुक्ति मोर्चा नेपाल (क्रान्तिकारी)का नवनिर्वाचित अध्यक्ष रोशन जनकपुरीले संसदीय व्यवस्थाको गोलचक्करमा फसिरहेको मधेस आन्दोलनतर्फ संकेत गर्दै मधेश आन्दोलनलाई वर्गसंघर्षसँग नजोडेसम्म मधेस आन्दोलन निष्कर्षमा पुग्न नसक्ने दावी गरेका छन् । भेलाले गरेका निर्णय सार्वजनिक गर्न धनुषाको जनकपुरमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष जनकपुरीले यस्तो दावी गरेका हुन् । उनले भने, "पटक पटक मधेश आन्दोलन... बाँकी ८ पेजमा

## गर्ने सशस्त्र संघर्ष नै हो : श्रीस

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी)का कार्यालय सदस्य रामसिंह श्रीसले पार्टीले गर्ने सशस्त्र संघर्ष नै भएको बताएका छन् । जनयुद्धको तयारीको क्रममा कांग्रेसी गुण्डाहरुद्वारा हत्या गरिएका सहिद रामवृक्ष यादवको २२ औं स्मृति र ०६० साउन ३२ मा गरिएको दोरम्बा हत्याकाण्डमा ज्यान गुमाउन पुगेका सहिदहरुको स्मृतिमा आयोजना गरिएको कार्यक्रममा श्रीसले यस्तो बताएका हुन् । धनुषाको बरमझियामा हत्या गरिएका सहिद रामवृक्ष यादवदेखि रामेछापको दोरम्बामा हत्या गरिएका सहिदहरुको सपना भनेको नेपालमा जनवादी क्रान्तिको विजय हो भन्दै श्रीसले नेकपा (क्रान्तिकारी माओवादी)ले नयाँ जनवादी क्रान्तिका लागि आवश्यक पर्ने सशस्त्र संघर्षको बाटोमा अगाडि बढ्ने तयारी गरिरहेको बताए ।

"त्याग र बलिदान क्रान्तिको अनिवार्य सर्त हो ।" उनले भने, "हजारौं मात्र होइन नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका लागि लाखौले पनि बलिदान गर्नुपर्ने पनि हुनसक्छ । हामी पनि सहिद बन्न तयार हुनुपर्छ । नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न नगरेसम्म सहिदप्रतिको सच्चा सम्मान हुन सक्दैन ।"

पार्टीको नेवा राज्यले आयोजना गरेको सो स्मृति कार्यक्रममा बोल्दै कार्यालय सदस्य तथा पार्टी प्रवक्ता हरिभक्त कँडेलले सहिद रामवृक्ष यादव बहुमुखी प्रतिभाशाली व्यक्तित्वका धनी भएको उल्लेख गर्दै माओवादी आन्दोलनले त्यस्तो नेता मधेसमा अहिलेसम्म जन्माउन नसकेको उल्लेख गरे । "रामवृक्ष यादव मधेसको मात्रै होइन, राष्ट्रिय नेता हुनुहुन्थ्यो । उहाँमा अन्तर्राष्ट्रिय सर्वहारावादी चिन्तन र सोच बोकेको नेता हुनुहुन्थ्यो । उहाँको हत्याले माओवादी आन्दोलनमा अपुरणीय क्षति भयो । नकारात्मक रुपमा उहाँको बलिदानको उर्जाले जनयुद्धलाई अगाडि बढाउन ठूलो सहयोग पुर्‍यायो ।" नेता कँडेलले भने, "दाङको हापुरेमा वार्ता चलिरहेको बेला रामेछापको दोरम्बामा इलाकाको बैठक गरिरहेका निशस्त्र माओवादीका नेताकार्यकर्तामाथि नृशंसतापूर्वक हत्या गरियो । युद्धपिपासु फाँसीवादीहरुले गरेको त्यो हत्याले माओवादीका होनाहार योद्धाहरु गुमाउनु पर्‍यो । नयाँ जनवादी क्रान्तिलाई विजयसम्म पुर्‍याउन सहिदहरुले निरन्तर उर्जा प्रदान गरिरहने छन् ।"

पार्टीका नेवा राज्य इन्चार्ज दिनेश शर्मा'सागर'को अध्यक्षता र नेता पवनमान श्रेष्ठको संचालनमा भएको सो कार्यक्रममा युवा नेता शिवराम यादवले क्रान्तिको मार्ग जटिल भएकोले... बाँकी ८ पेजमा

## युवा र भविष्य

"युवाहरु भविष्यका कर्णाधार हुन्" कतिपयले यो कुरालाई युवालाई फुर्क्याएको, पार्टीहरुले आफ्नो झोला बोकाएको, विचार लादेको, उनीहरुको क्यारियर बिगारेको र उपयोग गरेको भन्नेजस्ता आरोप लगाउने गर्छन् । के कुरा त्यही हो त ? कसैले आफ्नो विचार, दर्शन, सिद्धान्त र राजनीतिअनुसार मानिसलाई डोर्‍याउनु, हिडाउनु र आफ्नो अविछिन्न उत्तराधिकारी तयार पार्नु त हरेक मानिसको इच्छा, चाहना, जिम्मेवारीबोध हो । युवाहरुलाई भड्काएको, राजनीतिमा लगाएको र जुझारु संगठन र संघर्षमार्फत् शासकहरुको निद्रा हराम बनाएकोले यो त शासकहरुको विचार हो ।

हिजो आज नेपालमा प्रतिक्रान्ति भएको छ । क्रान्तिकारी सपना र आशावादिता मरेको छ । निराशा, पलायन, कुण्ठा, आत्महत्या र अश्लिलताले ठाउँ लिएको छ क्रान्तिको ठाउँ । थोरै महंगी बढ्दा पनि जुलुश, हडताल, तोडफोड र रेलिङ भाँच्ने युवा विद्यार्थी गच्छेअनुसार अमेरिका, युरोप, खाडी देश र भारत गएर कष्टसाध्य काम गर्ने, पढ्ने काम गरिरहेका छन् । एक महिनामा चिनीमा १ किलोमा २० रुपैंया बढ्दा पनि विरोधमा जुलुश निस्कँदैन आजकल ।



चन्द्रहरि सुवेदी

आजकल दिनमा ५ वटाभन्दा बढी बन्द बाकसमा विदेशबाट युवाहरुको लास आउँछ र विमानस्थलमा आँशुको भल बग्दा शोषक वर्गका कुनचाहिँ प्रतिनिधिले हरेक ५ वर्षमा संसदमा गएर जनता लुट्ने व्यवस्थाको नाम संसदीय व्यवस्था हो भनेर युवाहरुलाई भन्छ र ? संसदीय व्यवस्थाको भ्रममा नपरौं, नयाँ जनवादी क्रान्तिको तयारी गरौं भनेर जनयुद्धको उद्घोष गर्ने प्रचण्डहरु "यो व्यवस्था संसदीय व्यवस्था हो" भनेर संविधान बनाउन पुगे । नयाँ जनवादी क्रान्ति पूरा भयो भन्दै संसदीय व्यवस्थाको सर्वोच्च पद प्रधानमन्त्रीको कुर्सीमा विराजमान भएर भूतपूर्व क्रान्तिकारीहरुले जीवनको बाजी लगाएर पठाएको रेमिटेन्सको पैसामा मोजमस्ती गर्दै मात्र शान्ति, जय नेपाल गर्न पुगेका छन् ।

आफ्नो मूल्य मान्यता र आदर्शको लागि क्रान्तिकारी युवाहरुले यो देशमा आँशु, रगत र पसिना बगाएका छन् । मानिसको सबैभन्दा अमूल्य सम्पत्ति हो जीवन । त्यो पनि देश, जनता र पार्टीको लागि समर्पित मात्र नभएर सहिद भएका छन् । घरायसी बन्धन र परिवारलाई दुःखमा छोडेर सबैभन्दा कठिन जिल्ला, गाउँ र ठाउँमा गएर कुनै आड बनाएर आफ्नो पेशा व्यवसाय जागिर सम्पूर्ण पार्टी र संगठनमा लगाउँदै संगठन बनाएका छन् । ती सबै मूल्य मान्यता आदर्श र सपनाको आज हत्या भएको छ, प्रतिक्रान्ति भएको छ । आज चिया चौतारा सार्वजनिक स्थल र बहसहरुमा नेता र पार्टीहरुलाई गाली गर्ने, यी सबै खत्तम छन्, यिनले केही गर्दैनन्, कस्तो देशमा जन्मिइएछ भन्दै धारे हात लगाउँदै सरापेको सुन्न पाइन्छ । यसैगरी दैनिक १५ सयको दरले देशलाई सराप्दै विमानस्थलबाट जोखिमपूर्ण कामको लागि विदेशिन्छन् । अरु त अरु सरकारी पदको सबैभन्दा उच्च तह सचिवहरु समेत मौका पाए भने डिभि चिट्ठा, ग्रिन कार्ड र पिआर लिएर विकसित देशतिर हानिन्छन् । सबैभन्दा ठूलो र डरलाग्दो कुरा हो सपनाको मृत्यु, मानिसको सपना मर्‍यो भने उसले केही गर्न सक्दैन । लेनिनले- "साथीहरु हो ! सपना देख्नुपर्छ ।" भन्नुभएको थियो । यो विषयको एउटा पाटो मात्र हो यो अँध्यारो पाटो मात्र हो । घनघोर कालो अँध्यारो जङ्गलमा हराइयो भने टाढा कतै कुकुर भुकेको र पिलपिल बत्ति बलेको दिशातिर नथाकिकन निरन्तर हिंडिरह्यो भने गाउँ भेटिन्छ । मध्यरातको निष्पट अन्धकारपछि पनि भोलि स्वर्णिम विहान हुनेछ भनेर मानिस पर्खेर बस्छ । हिजो पनि यस्तो थिएन र भोलि पनि यस्तो हुनेछैन । वर्तमान निराशाका विरुद्ध धैर्यतापूर्वक पर्खेर संघर्ष गर्दै भोलिको सुनौलो भविष्यका लागि कुर्नुपर्छ । हिजो विशिष्ट श्रेणी ल्याएर विदेशमा छात्रवृत्ति पाउँदा पनि त्यसलाई छोडेर यहींको आन्दोलनमा समाहित हुने, देश, जनता, पार्टी र क्रान्तिको कामलाई प्राथमिकतामा राखेर विदेशबाट आफ्नो महत्वपूर्ण पेशा, व्यवसाय र पढाई छोडेर आएका क्रान्तिकारी उदाहरण हाम्रा अगाडि छन् । देश नै विरामी भएको बेलामा मानिसको के उपचार गर्ने भनेर डाक्टर पढाई छाडेर जापानबाट आफ्नो देशलाई मुक्त गर्न लु-सुन आएको र चीनलाई मुक्त बनाउँदै विश्वको उत्कृष्ट प्रगतिशिल साहित्यकार भएको कुरा हामीले चिनियाँ इतिहासबाट थाहा पाउँछौं । नेपालीहरुको विरासत पनि अत्यन्तै राम्रो छ । दोस्रो विश्वयुद्धमा भाडाका सिपाहीको रुपमा विदेशमा गएका युवाहरुले अन्यायी शासकहरुका विरुद्ध लड्ने चेतना लिएर आए र २००७ सालको राणा विरोधी आन्दोलनमा सहभागी भएर राणा शासन ढाल्न महत्वपूर्ण भूमिका खेले । अहिले पनि नेपालीहरुले विश्वमा सूचना-सञ्चार, व्यापार, व्यवसायमा विश्वकै उत्कृष्ट स्थानमा आएका छन् । नासाजस्तो अन्तरिक्षमा समेत नेपालीहरुले काम गरेका छन् । विदेशी ज्ञानलाई स्वदेशी सेवामा लगाएर देश, जनता, पार्टी र क्रान्तिमा लगाउँदा त्यो धेरै महत्वपूर्ण बन्नेवाला छ । अहिलेसम्म प्रत्यक्ष कसैको पनि उपनिवेश नबनेको हाम्रो देशमा विश्वको जुनसुकै कुनामा बसेर पनि देशको सेवामा लगाउन सकिन्छ । विगत ... बाँकी २ पेजमा

## सम्पादकीय

# सहिदहरुप्रतिको सच्चा सम्मान

नेपालमा सामन्तवादी व्यवस्थाको अन्त्य गरी नयाँ जनवादी व्यवस्थाको स्थापनार्थ भएका क्रान्ति वा आन्दोलनमा हजारौं जनयोद्धाहरुले बलिदान गरे । जसको उत्कर्ष रुप दशवर्षे जनयुद्धमा प्रदर्शित भयो । दशवर्षको जनयुद्धमा करिब १६ हजार योद्धाहरुले बलिदानको उच्च कीर्तिमान कायम गरे । त्यही बलिदानको तागतमा नेपालबाट अढाइसय वर्ष पुरानो सामन्तवादको प्रतिनिधि संस्था राजतन्त्रको अत्य सम्भव भयो । र, मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । तर स्थापित गणतन्त्रमाथि पुरानै राज्यव्यवस्थाका मतियारहरुको एकाधिकार स्थापित भयो । परिणामतः क्रान्ति प्रतिक्रान्तिमा बदलियो । अर्थात् सहिदका सपनाहरु अधुरै रहे, संघर्षहरु अपुरै रहे ।

व्यवस्था बदल्नका निम्ति अमूल्य जीवनको बलिदान गर्ने महान सहिदहरुप्रतिको सच्चा सम्मान कसरी गर्न सकिन्छ ? पछिल्लो हप्ता जनयुद्धको तयारीको क्रममा कांग्रेसी गुण्डाहरुद्वारा ०५१ भदौं २ गते हत्या गरिएका सहिद रामवृक्ष यादवको २२ औं स्मृति दिवस मनाइयो । सँगै ०६० साल साउन ३२ गते रामेछापको दोरम्बामा तत्कालीन शाही सेनाले गरेको हत्याकाण्डमा ज्यान गुमाउन पुगेका महान जनयोद्धाहरुको १३ औं स्मृति दिवस मनाइयो । यो दिवस मनाउदै गर्दा सहिदहरुको सम्मान नभएको भन्ने गुनासाहरु पनि आएका छन् । सहिद परिवारलाई राहत दिनु सहिदप्रतिको सच्चा सम्मान हो त ? यो विषयमा सघन बहस हुन जरुरी छ ।

पैसा वा राहतसँग सहिदहरुको तुलना गर्नु सहिदप्रतिको सम्मान होइन, अपमान हो । सहिदप्रतिको सम्मान भनेको सहिदहरुले देखाएको मार्गमा हिड्न सक्नु हो । सहिदले देखाएको मार्ग, उहाँहरुले देखेको सपना भनेको नेपालमा नयाँ जनवादी व्यवस्थाको स्थापना अर्थात् जनताको संघीय गणतन्त्रको स्थापना हो । समकालीन नेपाली कम्युनिष्ट आन्दोलनलाई हेर्ने हो भने त्यसदिशामा हिड्ने पार्टी भनेको नेकपा (क्रान्तिकारी माओवादी) मात्रै हो । यसर्थमा नेकपा (क्रान्तिकारी माओवादी)ले मात्र सहिदहरुप्रति सच्चा सम्मान गरिरहेको छ । सहिदहरुका पदचाप उसले पछ्याइरहेको छ ।

जनयुद्धका मात्र नभएर नेपालमा नयाँ जनवादी व्यवस्थाको स्थापनार्थहेतु जीवनको आहुती दिने सबै सहिद परिवारहरुले सहिदप्रति कतिको सच्चा सम्मान गर्न सके ? यो पनि बहसकै विषय बन्न जरुरी छ । सहिद परिवारहरुको क्रान्तिकारी राजनीतिकरणको आवश्यकता छ । सहिद परिवारहरुले पनि सहिदहरुले देखाएको मार्गमा हिड्ने आँट र हिम्मत गर्न जरुरी छ । राज्यले सहिद परिवारको नाममा दिने राहतले सहिदहरुको सम्मान हुन सक्दैन, त्यसले सहिदहरुले देखाएको मार्गमा हिड्न सहिद परिवारहरुलाई धेरथोर सहयोग पुऱ्याउन सक्छ- आर्थिक हिसाबले ।

दोरम्बा हत्याकाण्डमा ज्यान गुमाउन पुगेका सहिद प्रदीप तामाङका बुवा कृष्ण तामाङले क्रान्तिकारी माओवादी नेवा राज्यले राखेको स्मृति कार्यक्रममा निकै मार्मिक ढंगले कुरा राख्नुभयो । माओवादी नेताहरु मालेमावादी विचार, आदर्श र लक्ष्य उद्देश्यबाट च्यूत हुनु भनेको सहिदहरुप्रतिको ठूलो अपमान हो भन्नुभयो । सहिदहरुको सपना, आदर्श र उद्देश्य बोकेर हिडिरहेको हुनाले क्रान्तिकारी माओवादीको कार्यक्रममा आफू सरिक भएको उहाँको भनाइ थियो । सहिदका बुवा कृष्ण तामाङको सहिद र सहिद परिवारप्रतिको बुझाइ नै वास्तवमा सहि बुझाइ हो । माकेलाई उनले भने-पहिले खसीको टाउको राखेर कुकुरको मासु बेच्ने थहो हो भन्थे संसदलाई, अहिले उनीहरु नै कुकुरको मासुका व्यापारी बने । यसरी सहिद परिवारहरु विचार र राजनीतिमा सचेत र खबरदारी गर्ने हैसियतमा नउठेसम्म नेताहरुले बाटो बिराउने सम्भावान रहिरन्छ । तसर्थ, नयाँ जनवादी क्रान्तिको दौरान रगत बगाउने परिवारहरुको पार्टीकरण वा राजनीतिककरण गर्न जरुरी छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निश्पक्ष खबर तथा
विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# विप्लव माओवादीको सम्झौतापरस्त नीति ?

> कुनै पनि समाजको उत्पादन सम्बन्ध र समाज विकासका ऐतिहासिक तथ्यबाट अलग गरेर विषयलाई हेर्ने जुन चिन्तन छ, त्यो मार्क्सवादी दृष्टिकोण हुनै सक्दैन । नेपालको वर्तमान परिवेशमा समाजमा कयौं मौलिक विशेषताहरु छन् । त्यसको आधारमा समाज विकासका ऐतिहासिक पक्षको अध्ययन गर्न जरुरी छ ।



प्रेम सुवेदी

"उनीहरुमा तथ्यहरुबाट सत्य पत्ता लगाउने मनसाय हुँदैन, तर खाली वाक्यचातुर्यद्वारा तारिफ लुट्ने इच्छा मात्र हुन्छ । यी व्यक्ति त्यस्ता वस्तु जस्ता हुन्छन्, जो चम्किलो भए पनि सारगर्भित हुँदैन, फुट्ने प्रकृतिको भए पनि ठोस हुँदैन ।"-माओ चतुङ्ग

उपरोक्त माओको भनाईले सत्यको खोजी व्यक्तिको मनोगत इच्छामा होइन, समाजको वस्तुगत तथ्यमा निर्धारण हुने कुरा प्रष्ट छ । व्यक्तिले उपरी रुपमा गर्ने तर्क वा चमात्कारिक अभिव्यक्तिले सत्यको निरुपण गर्दैन, त्यसका लागि ऐतिहासिक तथ्यहरुले प्रमाणित गर्नु पर्दछ । नेपालको राजनीतिमा पनि त्यसप्रकारका चमात्कारिक कुरा गर्ने प्रवृत्ति र पात्रहरुको कमि छैन । समाजको वस्तुगत तथ्यलाई भन्दा आ-आफ्ना तर्क वा अभिव्यक्तिलाई सत्य ठान्ने प्रवृत्ति नेपाली राजनीतिमा निकै बलवान छ । जो चम्किलो भएर पनि सारगर्भित छैन, फुट्ने प्रकृतिको भए पनि ठोस छैन ।

यतिवेला नेपालको कम्युनिस्ट आन्दोलनमा नेकपा माओवादीले आफूलाई सबैभन्दा क्रान्तिकारी भएको दावी गर्दै आएको छ । उसको त्यो दावीलाई अरुले इर्ष्या गर्नुपर्ने पनि छैन र गर्नु हुँदैन पनि । तर, वास्तविकता उसको दावी र वस्तुगत सत्य एकदमै फरक देखिन्छ । यो वास्तविकतालाई उनीहरुले मनन गर्ने र सत्यको निरुपण गर्ने ऐतिहासिक तथ्यलाई आत्मासात गर्ने जगमा उनीहरुको दृष्टिकोण पुगोस् भन्ने नै हाम्रो अभिप्राय हो ।

नेपाल कम्युनिष्ट पार्टी माओवादीका प्रवक्ता क. प्रकाण्डले पार्टीको नारायणी व्यूरोको मुखपत्र 'हस्तक्षेप' अंक १ मा लेखेका छन् "नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलन र लोकतान्त्रिक आन्दोलनले एउटा दुश्मनको अन्त्य गरेको छ । त्यो भनेको सामन्ती राज्यव्यवस्थाको अन्त्य हो ।" उनका विचार अनुसार नेपालमा सामन्तवादको अन्त्य भएको छ र पुँजीवादी व्यवस्था कायम भएको छ । यो भनाई एकातिर एमाले र माओवादी केन्द्र (माके)सँग पनि मेल खान्छ भने अर्कोतिर नेकपा माओवादीले नयाँ जनवादी क्रान्ति नै आफ्नो कार्यभार भएको चर्चा गर्दै एकीकृत क्रान्ति मार्फत् त्यो कुरालाई पुरा गर्ने कुरा पनि गर्दै आएको छ । यी परस्पर विरोधी दृष्टिकोण एउटै पार्टीको नीति हुनु आफैमा एउटा रोमाञ्चकारी चमत्कार नै मान्न सकिन्छ । माओले भनेझै जो चम्किलो भएपनि सारगर्भित छैन । प्रकाण्डले व्यक्त गरेका विचारलाई आधिकारीक लाइन हैन भन्ने कुनै आधार पनि छैन । किन कि उनी त्यो पार्टीका प्रवक्ता छन् । त्यसले के कुरा स्पष्ट गर्दछ भने नेकपा माओवादी पनि वैचारिक हिसावले एमाले र माओवादी केन्द्रकै सन्निकट पुगेको देखिन्छ । तर, उसले आफ्ना चमात्कारिक क्रियाकलापद्वारा मात्र त्यसलाई पृथक देखाउँदै आएको छ । यदि हैन भने आफ्ना त्यसप्रकारका गलत दृष्टिकोणलाई परिवर्तन गर्न अनिवार्य देखिन्छ ।

जहाँसम्म जनयुद्ध र जनआन्दोलनद्वारा राजतन्त्रको अन्त्य गरेर लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको कुरालाई सामन्तवादको अन्त्य ठान्ने चिन्तन छ, त्यो सही दृष्टिकोण होइन । निश्चय नै उपरी संरचनामा आएका कतिपय परिवर्तनलाई हामीले नजरअन्दाज गर्न मिल्दैन र ती उपलब्धिहरुलाई सकारात्मक हिसाबले हेर्नु पर्दछ । तर, त्यसको अर्थ समग्र आधार नै परिवर्तन भएको र सामन्तवाद समाप्त भएको जुन निष्कर्ष एमाले, माओवादी केन्द्र र क. प्रकाण्डले निकालेका छन्, त्यसले ऐतिहासिक तथ्यसँग मेल खाँदैन । राजतन्त्रको अन्त्य हुनु मात्रै आफैमा सामान्तवादको अन्त्य होइन । यो सोचाइले वस्तुगत तथ्यलाई भन्दा बढी मनोगत सोचाइलाई केन्द्रमा राखेको देखिन्छ । हिजो सामन्तवादको नेतृत्व राजतन्त्रले गरेको कुरा सत्य हो, तर राजतन्त्रको अन्त्यसँगै सामन्तवादको अन्त्य भएको सोचाइ सत्य होइन । उत्पादन प्रणालीमा अहिले पनि सामन्तवाद रहेको कुरा धेरै तथ्यहरुले प्रमाणित गर्दै आएका छन् । ती तथ्यलाई भन्दा आफ्ना मनोगत सोचाइलाई मात्र केन्द्रमा राख्ने दृष्टिकोणहरुले मात्र यसप्रकारका विचारहरु प्रकट गर्दै आएका छन् । क. प्रकाण्डका उल्लेखित विचारहरु पनि त्यही मनोगत चिन्तनहरुबाट ग्रसित भएको देखिन्छ । यदि राजतन्त्रको अन्त्यलाई नै सामन्तवादको अन्त्य ठान्ने हो भने चिनमा १९११मा नै राजतन्त्रको अन्त्य भएको थियो तर चिनियाँ इतिहासले प्रमाणित गरेको छ, राजतन्त्रको अन्त्य पछि पनि लामो संघर्षले मात्र सामन्तवादको अन्त्य गऱ्यो । त्यतिमात्र होइन राजतन्त्र कायम रहेर पनि सामन्तवादको अन्त्य भएका घटनाहरु पनि विश्वमा धेरै छन् ।

तर्सथ, कुनै पनि समाजको उत्पादन सम्बन्ध र समाज विकासका ऐतिहासिक तथ्यबाट अलग गरेर विषयलाई हेर्ने जुन चिन्तन छ, त्यो मार्क्सवादी दृष्टिकोण हुनै सक्दैन । नेपालको वर्तमान परिवेशमा समाजमा कयौं मौलिक विशेषताहरु छन् । त्यसको आधारमा समाज विकासका ऐतिहासिक पक्षको अध्ययन गर्न जरुरी छ । तर त्यसको अध्ययन गर्दा समाजमा रहेको वस्तुगत पक्षलाई उपेक्षा गर्न मिल्दैन । जस्तै हिजो दलाल तथा नोकरशाही पुँजीवादको नेतृत्व सामन्तवादले गरेको थियो भने, आज सामन्तवाद र नोकरशाही पुँजीवादको नेतृत्व दलाल पुँजीवादले गर्न पुगेको छ । निश्चय नै सामन्तवाद हिजोको तुलनामा कमजोर छ । तर, त्यसको अन्त्य भयो भन्ने निष्कर्ष सही होइन । अहिले पनि सामन्तवादी उत्पादन-सम्बन्ध कायम रहेको पृष्ठभूमिमा त्यसको अन्त्य भयो भन्नु गम्भीर प्रकारको सैद्धान्तिक भड्काव हो । नेपाल कम्युनिस्ट पार्टी माओवादी, जसले अहिले पनि नयाँ जनवादी क्रान्तिको कार्यभार पुरा नभएको भन्ने कुरा पनि गर्नु र सामन्तवादको अन्त्य भएको कुरा गर्नु यो आफैमा वैचारिक अस्पष्टताको द्योतक हो ।

नयाँ जनवादी क्रान्तिका ऐतिहासिक कार्यभार भनेकै सामन्तवाद र साम्राज्यवादी शोषण र उत्पीडनको अन्त्य हो । यदि सामन्तवादको अन्त्य नै भएको ... बाँकी ८ पेजमा

## युवा र ...

भारतीय नाकाबन्दीमा बेलायतमा बस्ने नेपालीहरुले मोदीको सातो खाँदै इन्डिया घर फर्कको प्लेकार्ड मार्फत् बेलायत नै हल्लाउने गरी गरेको प्रदर्शनले नेपालीहरुको शीर ठाडो पारेको थियो र खुशीले शरिरका रौं ठडिएर जिउमा काँडा उम्रिएको थियो ।

निराशा र आशा द्वन्द्वात्मक कुरा हो । आफ्नो, सिद्धान्त, आदर्श, मूल्य मान्यता अनुसारको व्यवस्था आएपछि सम्बन्धित पार्टीहरुमा आशा, खुशीयाली हुन्छ र यथास्थितिलाई बचाउने प्रगतिशील र अग्रगामीहरुलाई दमन गर्ने गरिन्छ । शुरुमा हरेक सत्य कुरा असम्भव जस्तो लाग्छ र हरेक सत्य कुराको पछि लाग्ने २-४ जना मात्र हुन्छन् । पञ्चायतले आफ्ना युवा विद्यार्थीहरुलाई संगठित गरी विरोधीहरुलाई दमन, कुटपिट गरेर तर्साउन राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल बनाएको थियो । कालान्तरमा मण्डले भनेर सत्ताधारीहरु बदनाम भएर यो गाली गर्ने शब्द बन्यो । अहिले नयाँ जनवाद, समाजवाद र साम्यावाद प्रगतिशील व्यवस्था हो । यसको विरुद्ध अर्थात् जनताको संघीय गणतन्त्रको विरुद्ध संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधरमा खुशीयाली र आशा छ । उनीहरुले अब राजनीतिक क्रान्ति पूरा भयो, आर्थिक क्रान्ति गर्नुपर्छ भन्ने गर्छन् । हिजो पञ्चहरु आफ्नो व्यवस्था हुँदा त्यसै भन्थे । पञ्चायतको चाहना शान्ति र सृजना भनेर इतिहासको नियम नै यस्तो छ कि पुरानोको अन्त्य र नयाँको विकास हुने हुँदा जतिजति समय वित्दै जान्छ नयाँ चम्किँदै जान्छ र पुरानो ढल्दै मर्दै जान्छ । वर्तमान राज्यसत्ता दलाल, नोकरशाह र सामन्त वर्ग मिलेर बनेको राज्यसत्ता हो । यसको विरोधमा सामन्तवाद/साम्राज्यवाद विरोधी नयाँ जनवादी व्यवस्था (जनताको संघीय गणतन्त्र) ल्याउनहरु प्रगतिशील शक्ति हुन् । हामीले यथास्थितिवादीसँग तुलना गर्नुहुँदैन । जसरी पञ्चायतको विरोधमा लड्दा युवा क्रान्तिकारीहरु दु:खकष्ट गरेर सत्ताधारीको कोपभाजनको शिकारलाई स्वीकार्दै दुर्गमभन्दा दुर्गम ठाउँमा जाने, खट्ने, संगठन बनाउने, देखाउनको लागि शिक्षक, पसल, साना जागिर खाएर त्यसको आम्दानी पार्टी र क्रान्तिकै काममा खर्च गरेर आधा पेट खाएर काम गरेको पञ्चहरुले थाहा पाएपछि दु:ख दिने, कुट्ने, जागिरबाट निकाल्ने, स्थायी नबनाउने गर्दथे । ती सबै चुनौतिको सामना गर्दै पञ्चायत विरोधीहरुले संगठन बनाएर पञ्चायतको अन्त्य भएको इतिहास हाम्रो अगाडि ताजै छ । हाम्रा नौजवान युवाहरु जो भर्खर १५ वर्ष पुग्दै हुनुहुन्छ, वहाँहरुको अगाडि बहुदलीय संसदीय व्यवस्था पनि पुरानो भइसकेको छ । फेरि एकपटक दु:ख कष्ट उठाउने सबभन्दा दु:ख पाएका जनताका बीचमा जाने, भूकम्प, बाढी-पहिरो, भारतीय बाँधले खेत डुबान र कटान गरेर सुकुम्बासी बनाएकाहरुको बीचमा जाने र उनीहरुलाई सचेत र संगठित गर्दै र गराउँदै अगाडि बढ्न जरुरी छ । एकाथरि मानिसहरु अहिले विश्व फेरिएको, पदार्थमा पनि परिवर्तन आएको भनेर दु:खकष्ट गर्ने, कम घनिभूतका कामलाई रुढिवादी, परम्परावादी, जंगली युगको रुपमा परिभाषित गर्छन् । एकाथरि निम्न पुँजीवादीहरु त अब सर्वहारा वर्ग क्रान्तिको चालक शक्ति होइन मध्यम वर्गमा भर पर्नुपर्छ भनेर मालेमावादलाई नै पुरानो घोषणा गरेर साम्राज्यवादको स्याल हुइयाँमा स्वर मिलाउँदै मालेमावादलाई नै मृत घोषणा गर्ने तरखर गर्दैछन् । हरेक दक्षिणपन्थीको एउटा समान विशेषता रहँदै आएको छ कि आफ्नो शक्तिलाई कम आँक्ने र दुश्मनको शक्तिलाई बढाईचढाई गर्ने र सूचना सञ्चार प्रविधिको विकासले अब क्रान्ति असम्भव छ भनेर खेती नै गर्छन् । आज पनि गाउँमा होइन, जंगलमा होइन, शहरमा समेत छापामार लडाईं भइरहेको हामीले सञ्चार माध्यममा सुनिरहेका छौं । भलै ती गलत तत्व, साम्प्रदायिक, साम्राज्यवादकै प्रयोजनमा, धार्मिक कट्टरतावादीहरुले नै किन नचलाएका हुन् । सही र क्रान्तिकारी उद्देश्यको लागि पनि संघर्ष गर्न सकिन्छ भन्ने उदाहरण पर्याप्त छ । हिजोको निरंकुश सामन्ती तत्वहरुका विरुद्ध संघर्ष गर्ने, जेलनेल यातना भोग्नेहरु अहिले सत्तामा छन् । केही युवाहरुलाई पुराना नेताहरुले प्रयोग गरेको भन्न मिल्छ ? इतिहासको गतिलाई स्वभाविक रुपमा अघि बढाउन हरेक संगठनमा युवाहरु आएकै हुन्छन् । भविष्यका कार्यकर्ता एवं नेता हुन्, समर्थक, शुभचिन्तकहरुबाट विकास गर्दै अगाडि बढाउनुपर्छ । आजको सबैभन्दा प्रगतिशील विचारधारा मालेमावाद हो । अर्धसामन्ती तथा नवऔपनिवेशिक वा अर्धऔपनिवेशिक देशमा गरिने क्रान्ति नयाँ जनवाद नै हो । नेपालमा नयाँ जनवादी क्रान्तिको ठोस कार्यदिशा अपनाउने पार्टी नेकपा (क्रान्तिकारी माओवादी) हो । अरु कतिपयले नयाँ जनवादी क्रान्तिको कुरा गरेपनि वर्तमान वर्तमान संविधानलाई मान्ने, प्रतिक्रियावादी राज्यसत्तामा मन्त्री हुनेहरुले नयाँ जनवादको कुरा गर्दैमा कसैले पत्याउने अवस्था छैन । सर्वहारा वर्गको नेतृत्व र किसान र मजदुरमा भर पर्नुपर्ने माओवादी मान्यता विपरीत मध्यम वर्गमा भर पर्ने सोचाई राख्नेहरुले कम्युनिस्टको कुरै नगरे हुन्छ । अझ लिखित रुपमा 'जनवादी क्रान्ति' भन्नेहरुले भित्री आत्मादेखि नयाँ जनवादलाई स्वीकार गरेको ठानिंदैन । नयाँ शब्द नथप्ने हो भने वा जनताको शब्द नथप्ने हो भने जनवादी क्रान्तिले पुरानो जनवाद 'बुर्जवा प्रजातन्त्र'लाई नै जनाउँछ । राष्ट्रिय उत्पीडनमा परेकाहरुले राष्ट्रिय मुक्ति आन्दोलन, नयाँ जनवादी क्रान्ति र समाजवादी क्रान्ति आजको क्रान्तिको मूल प्रवाह हुन् । भावी विजय यही विचारधाराको हुनेवाला छ । युवाहरु तिनओटै धारामा भर्ती हुन्छन् तर पश्चगामी धारा यथास्थितिवादी धारामा कतिपय युवाहरु भ्रमवश प्रवेश गरेपनि सत्ताधारी पार्टीमा युवाहरु प्रवेश गर्नु भनेको नेपालको सन्दर्भमा प्रतिक्रियावादी धारा नै हो । 'म पहिला खाने' भन्ने बाहेक सत्ताधारी पार्टीमा के नै हुन्छ र ? भविष्यको क्रान्तिको र देशको बागडोर सम्हाल्न युवाहरु क्रान्तिकारी विचार र पार्टीमा भर्ती हुनुपर्दछ । असल कार्यकर्ता र नेता हुन पार्टीमा आउने हो नकि कसैको प्रयोग हुन । नेकपा (क्रान्तिकारी माओवादी) मा एकैचौटी आउन त्यति सजिलो छैन । यसमा कम्तिमा १ वर्ष जनसंगठन वा समर्थक ग्रुपमा बसेकोले उम्मेदवार सदस्य बन्न सक्छ । उसको वर्गचरित्र हेरेर ६ महिनादेखि २ वर्षसम्म परिक्षणमा राखेर उतिर्ण भएपछि मात्र पार्टी सदस्य पाउने भएकोले । युवाहरु क्रान्तिकारी युवा लिगमा भर्ती हुनुपर्छ । यो कम्युनिस्ट उत्पादन गर्ने कारखाना हो । देशभरि हजारौं हजार युवाहरुलाई संगठित गर्दै जुझारु संघर्षलाई अगाडि बढाएर मात्र युवाहरु वर्गसंघर्षको भट्टिमा खारिदै भविष्यको सुयोग्य कम्युनिस्ट बन्न सक्छन् । माओले भनेको कुराहरुलाई युवाहरुले गहिरो गरी मनन् गर्नुपर्छ । माओ भन्नुहुन्छ - "युवाहरु हो, यो संसार तिमीहरुको हो र हाम्रो पनि हो तर अन्तिममा युवाहरुको हो किनकि हामी त डाँडामाथिका घाम हौं ।" यो भनाईले पनि प्रष्ट पार्छ प्रौढ र बुढाहरुको ठाउँ युवाहरुले लिनुपर्छ- गाउँमा, समाजमा, देशमा र पार्टीमा । त्यसैले क्रान्तिकारी युवा साथीहरु आउनुहोस्, क्रान्तिकारी युवा लिगमा भर्ती हुनुहोस् । यही भाद्र १४ र १५ गते युवाहरुको दोस्रो राष्ट्रिय भेला हुँदैछ, त्यसमा सहभागी बन्नुहोस् ।

हामीले नकारात्मकतालाई सकारात्मकतामा बदल्नुपर्छ । आज युवाहरु नेपाल छाडेर संसारभरि गइरहेका छन् । संसार एउटा गाउँजस्तो भइरहेको छ । एउटा गाउँको खबर संसारभरि फैलिन्छ र संसारभरिको खबर एउटा गाउँमा तुरुन्तै पुग्दछ । यो विश्वव्यापी क्रान्तिको तयारीको लागि पनि प्रयोग गर्न सकिन्छ । माओले आफ्नो उत्तरार्द्धमा भन्नुभएको थियो- "कि क्रान्तिलाई विश्वयुद्धले रोक्छ कि विश्वयुद्धले क्रान्तिलाई जन्म दिनेछ ।" आगामी ५०-१०० वर्ष उथलपुथलका वर्ष हुनेछन् । हामी तिनै वर्षमा बाँचिरहेका छौं । मरणासन्न संसदीय पुँजीवादी व्यवस्थाको ठाउँमा नयाँ जनवाद र समाजवादले लिंदैछ । साम्राज्यवाद पुँजीवादको मरणासन्न अवस्था हो । साम्राज्यवादले आफ्नो चिहान आफै खन्दैछ । अनुत्पादक क्षेत्रमा लगानी, वित्तीय पुँजीको शोषण र केन्द्रीकरण ८८ जना विश्व धनाढ्यको हातमा संसारको पुँजीको झण्डै ५०% संकेन्द्रणले यसको आफ्ना दुश्मनहरुलाई एकताबद्ध भएर लड्न भौतिक वातावरण बनाइरहेको छ । निभ्नेबेलामा बत्ति झ्याप्प बलेंझैं साम्राज्यवाद निभ्नेबेलाको बत्ती हो । जंगलको बीचमा सुकेको र मक्किएको रुख आफै ढल्दैन, आँधीको झोक्काले त्यसलाई ढालेझैं क्रान्तिकारी तुफान र आँधीको जरुरी छ । आउनुहोस् आसन्न विश्वव्यापी क्रान्तिको लहरलाई छोप्न आ-आफ्नो देशमा क्रान्तिकारी आन्दोलन संगठन र पार्टीलाई दह्रो बनाएर बसौं । क्रान्ति आफै हुँदैन । २७ वर्ष नयाँ जनवादी व्यवस्था हाम्रो उत्तरी ढोकैमा हुँदा पनि हामीले केही गर्न सकेनौं । माओले चाहेर पनि नेपालका कम्युनिस्टहरुलाई सहयोग गर्ने वातावरण बनेन । माओको मृत्युपछि संसारमा समाजवाद कहींपनि नभएको बेलामा अन्तिम विजय दिन नकसेपनि एण्डिज पर्वत र हिमालयबाट क्रान्तिको एउटा ठूलो सन्देश दिन सकिएको छ । गरे के हुँदैन र भन्ने कुरा हामीले देखाईसकेका छौं । भविष्यको क्रान्तिको लागि आजैदेखि जुटौं ।

# पहिचान सुनिश्चित नगर्ने पुनर्संरचना र संघीयताको काम छैन



के.बी. गुरुङ, सचिवालय सदस्य, नेकपा (क्रान्तिकारी माओवादी)

***नेकपा (क्रान्तिकारी माओवादी)ले अहिलेको राष्ट्रिय राजनीतिलाई कसरी हेरिरहेको छ ?***

यतिबेला राष्ट्रिय स्वाधीनता अत्यन्त कमजोर बनेको छ । जनताको जनजीवन अझ कष्टकर र जर्जर बन्दै गएको छ । महंगीले आकास छोएको छ । आर्थिक अवस्था ओरालो लागेको र सामाजिक असुरक्षा बढ्दो छ। भ्रष्टचार, कालाबजारी र तस्करी मौलाउँदो छ । नेपालमै रोजगारीको अभावमा दैनिक पन्ध्रसय भन्दा बढी युवाहरु विदेश पलायन भइरहेका छन् ।

नेपालको राज्य तथा सरकार राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता र सार्वभौमिकता तथा नेपाली जनताप्रति उत्तरदायी र जावफदेही छैन। सोझो अर्थमा भन्दा राज्यसत्ताको बागडोर सम्हाल्दै आएका राजनीतिक दलहरु विदेशी शक्तिहरुको दलाली र चाकडी गेरर सरकारमा कसरी जाने र टिक्ने भन्ने खेलमै तल्लिन रहँदै आएका छन् । अहिले पनि त्यसैले निरन्तरता पाइरहेको छ।

उपर्युक्त अवस्था र स्थितिको यथार्थताले नेपालको राष्ट्रिय राजनीति गम्भीर मोडबाट गुज्रीरहेको छ भन्ने कुरा प्रष्ट नै छ। त्यकारण अब नेपाल र नेपाली जनताको आशश्यकता विदेशी शक्तिहरुको दलाली र चाकडी गेरर सरकारमा जाने र नेपाली जनताको होइन, विदेशी कै लागि काम गर्ने सत्ता र सरकारको विकल्प खोज्नु र रोज्नुको विकल्प छैन।

***पार्टीको संविधान, सरकार र आदिवासी जनजाति तथा मधेस आन्दोलनलाई हेर्ने दृष्टिकोणबारे बताइदिनुस् न।***

संविधानमा भएको नाम मात्रको गणतन्त्र, परिभाषाले विकृत बनाएको धर्मनिरपेक्षता, कार्यान्वयन नभएका र नहुने समावेसी समानुपातिक जस्ता केही सकारात्मक पक्ष भए पनि संविधान समग्रमा पश्चगामी, यथास्थितिवादी र जनविरोधी छ। त्यसकारण त्यसअनुसार बन्ने र बनेका सरकारको चरित्र र कार्यदिशा के हुने त्यो स्वतः स्पष्ट नै छ। जसबारे माथि नै प्रष्ट पारिएको छ।

जहाँसम्म आदिवासी जनजाति र मधेसी समुदायले उठाएका माग र आन्दोलन हो, त्यो मूलरुपमा जायज र ठीक छन्। त्यसलाई हाम्रो पार्टीले समर्थन र ऐक्यवद्धता प्रकट गर्दै आएको छ।

***स्थानीय निकायको पुनःसंरचनाबारे अहिले बहस चलिराखेको छ । त्यसबारे पार्टीको अवधारणा कस्तो छ ? संक्षिप्तमा राखिदिनुस् न।***

सर्वप्रथमतः के कुरा प्रष्ट हुनु जरुरी छ भने नेपालमा संघीयताको आवश्यता भएको नै राज्यसत्ताको दमन, उत्पीडन र भेदभावका कारण उत्पीडित र उपेक्षित हुन पुगेका वर्ग, जाति, समुदाय, लिंग र क्षेत्रका जनतालाई राज्यको सबै तह र अंगहरुमा सहजरुपमा पहुँच र प्रतिनिधित्वलाई सुगमताको लागि हो। उनीहरुको पहुँच र प्रतिनिधित्वलाई समानुपातिक र समावेसीरुपमा सुनिश्चित गर्ने आधार प्रदान गर्नका निम्ति जातीय, क्षेत्रीय र वर्गीय पहिचानको मुद्दा अगाडि आएको हो। तर दलाल, नोकरशाह र सामन्तहरुको प्रतिनिधित्व गर्ने राज्य तथा सरकारले संघीयताको मुल्य र मान्यता विपरीत उत्पीडित र उपेक्षित वर्ग, जाति, समुदाय लिंग र क्षेत्रको राज्यसत्तामा समानुपातिक र समावेसी प्रतिनिधित्व, पहुँच र पहिचानलाई लत्याएर आफुहरुको अनकूलतामा बनाएको संघ र वेनामे प्रदेश संरचनाले उनीहरुको जनविरोधी अनुहार उदांगो पारिसकेको छ। अहिले चलिरहेको स्थानीय तहको पुनःसंरचना पनि त्यसैको निरन्तरता नै हो । त्यसकारण सरकारले गर्न लागिरहेको स्थानीय तहको पुनःसंरचना संघीयताको मूल्य मान्यता विपरीत पनि छ। जनसंख्यालाई मुख्य आधार बानाएको र जनसंख्याको अनुपातस्तर पनि उच्च राखिएकाले स्थानीय तहको संरचना ठूला बन्ने देखिन्छ। त्यसमा केही दलहरुले स्थानीय तहमा आफ्नो वर्चस्व स्थापित गर्ने चुनावी रणनीतिको अभिष्ट पनि लुकेको छ। यसरी आम जनसमुदायको प्रतिनिधित्व, पहुँच र पहिचानसँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय तहको संरचनालाई राज्य तथा सरकारले संघीयताको मर्मविपरीत संरचनागत हिंसा लादेर गर्न लागेको पुनःसंरचनाले आम जनसमुदायको प्रतिनिधित्व, पहुँच र पहिचानलाई सुनिश्चित गर्न सक्दैन।

त्यसकारण हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी) सर्वप्रथतः अहिले सरकारले गर्न लागेको स्थानीय तहको पुनःसंरचनाको विरोध र भण्डाफोर गर्दछ। किन कि त्यसप्रकारको संरचनाले स्थानीय जनसमुदायको समानुपातिक समावेसी प्रतिनिधित्व र स्रोत साधनमा सहज पहुँच हुन दिदैन। जनसमुदायको पहिचानको आधारलाई छिन्नभिन्न गरी पहिचान स्थापित हुन दिदैन। तसर्थः हाम्रा पार्टी उत्पीडित र उपेक्षित वर्ग, जाति, लिंग र क्षेत्रका जनताको राज्यको सबै तह र अंगहरुमा समानुपातिक समावेसी प्रतिनिधित्व, स्रोत साधनहरुमा सहज पहुँच र जनसमुदायको पहिचान स्थापित हुने संघीय संरचनाको पक्षमा छ। त्यसअनुसार स्थानीय तहको संरचना जनसमुदायको अझ बढी समानुपातिक समावेसी प्रतिनिधित्व, स्रोत साधनहरुमा सहज पहुँच र पहिचान स्थापित हुने प्रकारको हुनु पर्दछ।

***संविधान संशोधनबाट आदिवासी जनजाति तथा मधेसीहरुको मागको सम्बोधन हुने सम्भावना चाहिं कस्तो देख्नुहुन्छ ?***

अहिले नेपालको संविधान मूलरुपमा आदिवासी जनजाति, तथा मधेसी समुदाय विरोधी भएकाले संशोधनबाट उनीहरु मूलभूत मागहरु सम्बोधन र सुनिश्चि हुन संभव छैन।

***नेपालमा पटक-पटक जातीय आन्दोलनहरुको उठान भएको देखिन्छ तर ती आन्दोलनहरु गन्तव्यमा नपुग्दै असफलतामा टुंगिने गरेका छन्। कारण के देख्नुहुन्छ ? जातीय मुक्ति आन्दोलनलाई सही रुपमा अगाडि बढाउन र गन्तव्यसम्म पुऱ्याउन के गर्न जरुरी छ ?***

जातीय र क्षेत्रीय मुक्ति आन्दोलनहरु लक्ष्यमा नपुग्नुमा त धेरै कारणहरु छन्। जस्तैः सम्बन्धित जाति तथा क्षेत्रका जनताको चेतनास्तर, संगठित शक्तिको अभाव, सही नीति कार्यक्रम, सक्षम र कुशल नेतृत्व नहुनस आदि। तर वास्तवमा जातीय र क्षेत्रीय समस्या सारुपमा वर्गीय समस्यासँग अन्तरसम्बन्धित हुन्छ। त्यसैले जुनस्तर र हदसम्म वर्गीय मुक्ति आन्दोलनले गनतव्य हाँसिल गर्दछ, त्यहीस्तर र हदसम्म नै जातीय र क्षेत्रीय मुक्ति आन्दोलनहरुले पनि सफलता प्राप्त गर्दछ।

***पार्टीले संयुक्त मोर्चा समिति निर्माणलाई विशेष महत्व दिएको देखिन्छ। संयुक्त मोर्चाको नीति तथा कार्यक्रम के कस्ता हुन्छन् ?***

विद्यमान नेपाली समाजको आर्थिक, राजनीतिक र समाजिक व्यवस्था र अवस्थामा आमूल परिवर्तन गर्न नयाँ जनवदी क्रान्तिको अनिवार्य खाँचो छ । त्यो क्रान्तिको लागि मालेमावादले लैस क्रान्तिकारी कम्युनिष्ट पार्टी र पार्टीको मातहातमा जनसेना तथा पार्टी कै नेतृत्वमा देशभक्त, जनतान्त्रिक, प्रगतिशिल र आम क्रान्तिकारी जनसमुदायको संयुक्त मोर्चा आवश्यक पर्दछ। त्यही आबश्यकतालाई पुरा गर्ने उद्देश्यले पार्टीले कमरेड सिपि गजुरेलको नेतृत्वमा मोर्चा निर्माण गर्ने कुरा सार्वजनिक गरिसकेको छ। मोर्चाले निकट भविष्यमै मूर्तःआकार लिनेछ। त्यो निर्माण हुन लागेको मोर्चा संयुक्त मोर्चाको आधारशिला हुनेछ।

***नेकपा (क्रान्तिकारी माओवादी)ले अब स्थानीय निकायको निर्वाचनमा भाग लिने तयारी गर्दैछ भनेर कतिपय संचारमाध्यममा चर्चा भएको देखिन्छ। संयुक्त मोर्चा मार्फत् निर्वाचनमा भाग लिन खोजेको हो त ?***

निर्वाचनमा भाग लिने र नलिने विषय पार्टीको कार्यनीतिक प्रश्न हो । वास्तवमा भागलिने भन्दा पनि क्रान्तिकारी आन्दोलनमा प्रतिक्रियावादी राज्ययन्त्रहरुलाई पार्टी र क्रान्तिको पक्षमा उपयोग गर्ने हो। त्यसकरण, तत्कालीन अवस्था र परिस्थिति अनुसार उपयोग वा बहिस्कार के गर्ने पार्टीले निर्णय गर्ने विषय हो। जहाँसम्म स्थानीय चुनावको उपयोगको कुरा छ, प्रथमतः स्थानीय तहको पुनःसंरचना नै अन्यौलमा छ। त्यसैले चुनाव हुने संरचना नै नभए चुनाव हुने कुरा भएन। दोस्रो, चुनाव गर्ने सरकार नै धरमर र अस्थिर छ। यसकारण स्थानीय चुनाव हुने चर्चा र सरकारले घोषणा गरे पनि चुनाव हुने कुरा सुनिश्चित भएको छैन। घोषणा त ओली सरकारले पनि ०७३ मंसिर मै चुनाव गर्ने गरेको थियो।

तसर्थः परिस्थितिमा निर्भर कार्यनीतिक प्रश्न स्थनीय चुनावलाई के गर्ने भन्ने विषयमा पार्टीले निर्णय लिएको छैन र चुनाव नै हुने ठेगान नभई अहिले नै निर्णय लिनु उपयुक्त पनि न होला। तर चुनाव हुने निश्चित भए, पार्टी र क्रान्तिको हितमा हुनेगरी स्थानीय चुनावको उपयोग गर्न सकिन्छ।

***पछिल्ला केही वर्षयता किसान-मजदुरका मुद्दाहरु अर्थात् वर्गीय मुद्दाहरु कमजोर बन्दै गइरहेका छन् नि ?***

किसान-मजदुर र वर्गीय मुद्दाहरु कमजोर त भएको छैन। तर सशक्तरुपमा उठानगरी आन्दोलन हुन सकिराखेको छैन। हाम्रो पार्टी आन्दोलनलाई सशक्तढंगले उठाउने तयारीमा छ।

***नेपाली समाजमा आएको पछिल्लो बदलावलाई अर्थराजनीतिक हिसाबले कसरी विश्लेषण गर्न सकिन्छ ?***

नेपाली समाजमा आएको बदलावलाई वर्गीय राजनीतिक हिसावले हेर्दा राजतन्त्रको अन्त्य र गणतन्त्र स्थापना पश्चात हिजो नेतृत्वमा रहेको सामन्ती वर्ग पछि धकेलिएको छ भने दलाल तथा नोकरशाह पुँजीपति वर्ग नेतृत्वमा आएको छ। त्यसैगरी राष्ट्रिय अर्थतन्त्रको दृष्टिले हेर्दा घरेलु उत्पादनमा ह्रास हुँदै गएको छ। निर्यातभन्दा आयतको अनुपातमा भएको वृद्धिले सिर्जना गरेको असन्तुलनले परनिर्भता बढाएको छ। औद्योगिक पुँजीभन्दा वित्तीय पुँजीको सिकन्जा बलियो हुँदै गएको छ । स्वदेशी श्रम शक्तिको पलायनताले ब्यापकता पाएको छ । यसले गर्दा नेपाली अर्थ-राजनीतिमा नव औपनिवेशिककरणको खतरा बढ्दै गएको छ।

***राष्ट्रिय स्वाधीनताको पक्षमा नेपाली जनतामा अभूतपूर्व जागरण पैदा भएको देखिन्छ। तर ती मुद्दाहरुमा राजनीतिक पार्टीहरुले नेतृत्व प्रदान गर्न सकेनन् भन्ने विश्लेषण पनि हुन थालेको छ नि ?***

अवश्य पनि राष्ट्रिय स्वाधीनताको पक्षमा जाँगर त बढिरहेको छ। तर अभूतपूर्व जागरण पैदा भएको देखिन्न। किन कि लामो समयदेखि राज्यसत्ताको अर्थराजनीतिमा सामन्त, दलाल र नोकरशाह र अहिले आएर दलाल, नोकरशाह पुँजीपति तथा सामन्त वर्गको नेतृत्व रहँदै आएको दुष्परिणामले गर्दा आर्थिक र राजनीतिकरुपमा पराधीनता ब्यहोर्दै आउनु परिरहेको छ । त्यसले उब्जाएको पराधीन मानसिकताले नेपाली जनतामा दब्बुपना छ । जसले गर्दा आफ्नो सार्वभौमिकता, स्वतन्त्रता र राष्ट्रिय स्वाधीनतामाथि आघात पुग्ने देखिरहँदा पनि त्यसको समयमै प्रतिक्रिया र प्रतिकारमा तदारुकता देखिदैन।

जहाँसम्म राजनीतिक दलहरुले नेतृत्व गर्न नसकेको प्रश्न छ, त्यो सहि हो । किनभने अहिलेसम्म राज्यसत्ता र सरकारको बागडोर सम्हाल्दै आएका दलहरुको नेतृत्व र त्यसको वर्गचरित्र दलाल, नोकरशाह पुँजीपति तथा सामन्तवादी रहेको छ । उनीहरुले अहिलेसम्म राष्ट्रिय स्वाधीनताको पक्षमा भन्दा राष्ट्रघात गर्ने कुरामा नै कीर्तिमान बनाएका छन्। त्यसप्रकारका पार्टीहरुबाट राष्ट्रिय स्वाधीनताको आन्दोलनको नेतृत्व हुनसक्ने कुरै भएन। राष्ट्रिय स्वाधीनताको आन्दोलनको नेतृत्व गर्ने भनेको देशभक्त, जनतान्त्रिक, प्रगतिशिल र क्रान्तिकारी कम्युनिष्ट पार्टीहरुले हो। त्यो शक्ति नेपालमा अहिले सापेक्षिक शक्ति सन्तुलनमा कमजोर रहेको अवस्था हो । अब नेकपा (क्रान्तिकारी माओवादी) राष्ट्रिय स्वाधीनताको आन्दोलनको नेतृत्व गर्दै नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी संघीय जनगणतन्त्र नेपाल स्थापना गर्ने तयारीमा जुटेको छ।

***क्रान्तिकारी माओवादीले आफूलाई वैकल्पिक राजनीतिक शक्तिको हैसियतमा अगाडि बढाउँदै गर्दा आम जनताको विश्वास र छिमेकीहरुको विश्वास जित्न कसरी अगाडि बढ्दै छ ?***

जनताको मुक्तिको लागि जनता नै सचेत र संगठित भएर संघर्षमा उत्रनु पर्छ भन्ने मान्यतामा आधारित भएर मालेमावादको वैचारिक आलोकमा उत्पीडित र उपेक्षित जनताको हक अधिकार र मुक्तिका लागि उनीहरुलाई सचेत र संगठित गर्दै उनीहरुको माग र मुद्दालाई लिएर संघर्ष र आन्दोलनको अग्रपंक्तिमा डटेर नै जनताको विश्वास जित्न सकिन्छ।

समानता, सह अस्तित्व र पंचशिलको आधारमा नै दुई वा बहुपक्षीय सम्बन्धलाई सुदृढ र गाढा बनाउने सकारात्मक प्रयत्नको निरन्तरतामा नै छिमेकीहरुसँग आपसी विश्वास र सद्भावलाई प्रगाढ बनाउने नीति कार्यक्रम अवलम्बन गर्नु पर्दछ।

***नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने आधार हरुका बारेमा जनतालाई कसरी विश्वस्त पार्न सकिएला ?***

पहिलो र आधारभूत आधार त अहिलेको आर्थिक, राजनीतिक र सामाजिक ब्यवस्था र अवस्थाले आम नेपाली जनताको सामान्य आधारभूत आबश्यकताहरु पनि पुरा गर्न सकेको छैन, र कुनै पनि हालतामा सक्दैन पनि । त्यसकारण आफ्ना आधारभूत आबश्यकताहरु पुरा गर्दै अरु सम्वृद्धिका लागि आकांक्षा राख्ने मानवीय गुण हो। त्यही गुणका कारण नेपाली जनताले पनि आफ्ना आबश्यकता परिपूर्ति गर्दै सम्वृद्धि तर्फ लम्कन प्रयात्नशिल रहदै आएका छन्। र, यो क्रमले अझ तिव्रता पाउने छ। यसरी एकातिर यो ब्यवस्था र अवस्थाले नेपाली जनताका सामान्य आधारभूत समस्या पनि पुरा गर्न नसक्ने अर्कातिर जनताले समस्या समाधानका लागि गर्ने प्रयत्न। यी दुई अन्तरविरोधी तत्वबीचको अन्तरविरोध क्रमशः बढ्दै गईहेको छ। यो अन्तरविरोध ढिलो वा चाँडो उच्चविन्दुमा पुगेर विष्फोट हुन्छ। राजनीति भाषामा भन्दा सशस्त्र जनविद्रोह अर्थात् क्रान्ति हुन्छ। त्यही विद्रोहले अहिलेको नेपाली जनताको आबश्यकता र आकाक्षा पुरा गर्न असमर्थ ब्यवस्था र अवस्थालाई अन्त्यगरी जनताको संघीय जनवादी गणतन्त्र स्थापना गर्ने छ। त्यसले जनताको अधारभूत आबश्यकताहरु परिपूर्ति गर्दै सम्वृद्धिका उच्च आकांक्षाहरु पुरा गर्न समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्न आधार प्रदान गर्नेछ।

दोस्रो आधार, उपर्युक्त अन्तरविरोधहरुलाई मालेमावादको प्रथ प्रदर्शनमा सचेत र संगठित सिहावले राजनीतिकरुपमा नेतृत्व गर्न सक्षम नेकपा (क्रान्तिकारी माओवादी)ले आफूलाई सैद्धान्तिक, बैचारिक, राजनीतिक र संगठनात्मक हरेक हिसावले तयारी गरिरहेको छ। तेस्रो, विद्यमान ब्यवस्था र अबस्थाका राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिक्रियावादी वर्गका प्रतिनिधि र पार्टीका असक्षमता, अवगुण र आफ्ना स्वार्थका लागि जनतामा लाद्ने दमन र उत्पीडन् हुन्। जसले जनतालाई उसको विरोधी बनाईरहेको हुन्छ।

सारमा भन्दा क्रान्तिका मुख्य आधार शोषित उत्पीडित जनता नै हो । जनताको सचेतना जगाई संगठित गर्ने र आन्दोलनको नेतृत्व गर्ने अभिभारा क्रान्तिकारी कम्युनिष्ट पार्टीले गर्नुपर्ने हुन्छ। आफ्नो अन्त्य र क्रान्तिको आधार भूमिको तयार त स्वयं अहिलेको प्रतिक्रियावादी ब्यवस्था र अबस्थाले गरिरहेको छ। जरुरी छ, सचेत र संगठितरुपमा कलात्मक र कुशल तरिकाले ठिक बेलामा ठिक नीति कार्यक्रम तय गेरर कार्यान्वय गर्नु।

***अन्तमा, छुटेका केही विषयवस्तुबारे राखिदिनुस् न।***

आफ्ना विचारहरु जनसमक्ष प्रस्तुत गर्ने अवसरका लागि वर्गदृष्टिका सम्पादक एवं परिवारलाई धन्यवाद ज्ञापन गर्दै वर्गदृष्टिले नामअनुसार उत्पीडित र उपेक्षित वर्ग, जाति, लिंग र क्षेत्रका जनताको हक अधिकार र मुक्ति आन्दोलनका विचार र समाचारहरु निर्भिकतापूर्वक सम्प्रेषण गरोस् भन्दै यसको प्रगति र निरन्तरताको शुभकामना प्रकट गर्दछु।

# मालेमावादको अध्ययनको पद्धति र विकास

**विषयप्रवेश :**

*“क्रान्तिकारी कालमा तीब्ररूपले परिस्थितिमा बदलिन्छ, यदि बदलिएको परिस्थिति अनुसार क्रान्तिकारीहरूको ज्ञान तीब्ररूपले बदलिएन भने उनिहरूले आफ्नो क्रान्तिलाई बिजयसम्म पुऱ्याउन सक्ने छैनन् ।” **–माओत्सेतुङ***

अध्ययन भनेको ज्ञान आर्जन गर्नु हो। अध्ययन ज्ञान प्राप्तीको साधन हो । वास्तवमा विगतका ज्ञानहरूलाई बुझ्ने र वर्तमानलाई विश्लेषण गरि ज्ञानको अद्यावधिक गर्नुलाई अध्ययन भनिन्छ । अतः मानिसले अध्ययनकै माध्यमबाट विगतलाई बुझ्दछ, वर्तमानलाई मूल्याङ्कन गर्दछ र भविष्यको निर्धारण गर्दछ। विगतका अनुभवहरू, अतितका अभिलेख वा संस्मरणबाट सिक्ने पद्धति हो, जुन अध्ययनबाट अनुसन्धान गरि व्यवस्थित रूपमा ज्ञान प्राप्त गरिन्छ, त्यसलाई बैज्ञानिक अध्ययन भनिन्छ।

सही ज्ञान कहाँबाट प्राप्त हुन्छ ? वस्तुगत जगतबाट सही ज्ञान प्राप्त हुन्छ । सही ज्ञान प्राप्त गर्ने सन्दर्भमा माओ अगाडि भन्नुहुन्छ - “प्रायः पदार्थबाट चेतनामा लग्ने र फेरि पदार्थमा फर्काउने अर्थात् व्यवहारबाट ज्ञानमा लग्ने र फेरि व्यवहारमा फर्काउने बारम्बारका अनेकौं क्रमपछि मात्र सही ज्ञान प्राप्त गर्न सकिन्छ । ज्ञान सम्बन्धी मार्क्सवादी सिद्धान्त, ज्ञानको द्वन्द्वात्मक भौतिकवादी सिद्धान्त यस्तो छ ।” (१) ज्ञानको मुख्य श्रोत प्रत्यक्ष अनुभव हो । हाम्रो वरिपरिको वातावरणमा यत्रतत्र छरिएका अनेक कुराहरू, विषयहरू, घटनहरू, परिघटनाहरू रहेका हुन्छन् र दैनिक जीवनमा समेत यस्ता कुराहरू देखिन्छन् । यसबाट ज्ञान प्राप्त हुन्छ । यस्तो ज्ञान इन्द्रियजन्य अनुभवबाट गरिन्छ । अध्ययन भनेको सामान्य ज्ञान प्राप्त गर्नु नभएर व्यवस्थित रूपको ज्ञान प्राप्ति हो। यसमा अलिकति पनि तलमाथि गर्न मिल्दैन। यस सम्बन्धमा माओत्सेतुङ्ग अगाडि भन्नुहुन्छ - “ज्ञान एउटा विज्ञानको विषय हो र यस सम्बन्धमा अलिकति पनि बेइमानी वा घमण्डहरू ग्राहय हुँदैन।” (२)

एउटा कुरा के हो भने समाज विकासका क्रममा प्राप्त भएका अनुभव क्रियाकलाप, सैद्धान्तिक मूल्य मान्यता, प्रणालीहरू, तौरतरिकाहरूको अध्ययन सामाजिक अध्ययनमा गनिन्छन् भने प्रकृति र भौतिक नियमको अध्ययन विज्ञानमा हुने गर्दछ। अध्ययनले कार्य र कारण बीचको सम्बन्ध र यसबाट प्राप्त हुने परिणामको आँङ्कलन गर्दछ । अध्ययन प्रणालीमा वैज्ञानिक विधिको अध्ययनबाट विज्ञानसम्मत अध्ययन गरिन्छ । यसमा कार्यकरण सम्बन्ध र नियमहरू अनतरसंबन्ध र यसमा आउने परिणामका नियम आदिको वैज्ञानिक विधिबाट अध्ययन गरिन्छ भने दोस्रो तरिकामा कल्पना र विचारका आधारमा निरपेक्ष अध्ययन गरिन्छ । यस पद्धति, प्रमाण वस्तुगत यथार्थमा आधारित नभई कल्पना र विचारको श्रृङ्खलाको आधारमा निचोड निकाल्ने गरिन्छ। यो आदर्शवादी काल्पनिक अध्ययन पद्धति हो। यो आत्मगत चिन्तन भएकाले यसको सम्बन्ध वस्तुगत यथार्थसँग हुँदैन।

वैज्ञानिक अध्ययनमा द्वन्द्वात्मक नियमलाई मार्क्सवादले अपनाएको छ भने अधिभूतवादी अध्ययनले अज्ञेयवादलाई मूल आधार बनाएको हुन्छ । आधुनिक अध्ययन पद्धतिमा वर्तमानमा वैज्ञानिक अध्ययन पद्धतिलाई मात्र आधारित र प्रमाणित अध्ययन पद्धतिको रूपमा मानिएको छ । राजनीतिक अध्ययनको परम्परा पद्धतिमा दार्शनिक अध्ययन विधि, ऐतिहासिक अध्ययन विधि, तुलनात्मक अध्ययनविधि, वैध अध्ययनविधि, संस्थागत अध्ययन विधि, प्रर्पवेक्षानात्मक अध्ययन विधि आदि रहेका छन् । मार्क्सवादी पद्धतिले द्वन्द्वात्मक भौतिकवादी पद्धति अपनाएको छ।

अध्ययनका क्षेत्रमा विज्ञानसम्मत रहेको मार्क्सवादी पद्धतिले द्वन्द्वात्मक भौतिकवादी पद्धति अपनाउने भएकोले यस लेखमा आज मार्क्सवादले दोस्रो चरणमा लेनिनवादमा र तेस्रो र नयाँ चरणमा माओवादमा विकास गरि सकेको छ, आजको साम्राज्यवाद र सर्वहातवर्ग बीचको भीषण वर्गसंघर्षको युगमा मार्क्सवाद-लेनिनवाद-माओवादको अध्ययनको पद्धतिका बारेमा आफ्नो विचार राख्न प्रयत्न गरिएको छ।

**विषयवस्तु बारे :**

मार्क्सवाद-लेनिनवाद-माओवाद आज विश्व सर्वहारावर्गको पथप्रदर्शक सिद्धान्त हो। मार्क्सवाद-लेनिनवाद-माओवादलाई ग्रहण नगरिकन, यसलाई आत्मसक्तिकरण नगरिकन र जीवन व्यवहारमा प्रयोग नगरेसम्म कोही पनि सच्चा क्रान्तिकारी बन्न सक्तैन भन्ने कुरा आजको व्यवहारद्वारा पुष्टि भइसकेको छ।

अतः आजका मार्क्सवादी क्रान्तिकारीहरूले र नेपालका माओवादी क्रान्तिकारीहरूले मार्क्सवाद-लेनिनवाद-माओवादको अध्ययन किन आवश्यक छ ? र यसको अध्ययन कसरी गर्ने ? भन्ने प्रश्नको महत्वपूर्ण विषय बन्न गएको छ।

आज हामी माओवादी क्रान्तिकारीहरूका बीचमा मार्क्सवाद-लेनिनवाद-माओवादको गहन अध्ययन गर्ने, छलफल गर्ने प्रवृत्ति समाप्तै भएर गएको छ। अध्ययन गर्ने भन्ने कुरा आदर्शको साँघुरो घेराभित्र सिमित हुन पुगेको छ । यो ज्यादै गलत चिन्तन र प्रवृत्ति हो । अर्कोतिर



हस्तबहादुर केसी

हामीसँग सबै कुरा जानी सकेका छौं भन्ने अहंकार पनि छ।

हाम्रो जस्तो अर्धसामन्ती र नवऔपनिवेशिक मुलुक जहाँ कि नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने काम नै बाँकी छ । वैज्ञानिक समाजवाद हुदै साम्यवादसम्म पुग्ने यात्रा त निकै नै टाढाको विषय हो । महान् नेपाली नयाँ जनवादी क्रान्तिको ऐतिहासिक कार्यभार पुरा गर्ने अठोट र प्रतिबद्धताका साथ अगाडि बढेका नेपाली सर्वहारावर्गका नेता, कार्यकताहरू विशेष गरि क्रान्तिकारी माओवादीका नेता, कार्यकर्ताहरूले त झनै मार्क्सवाद-लेनिनवाद-माओवादको विशेष प्रकारले अध्ययन गर्न र त्यसलाई जीवन व्यवहारमा उतार्न अति जरूरी छ। जीवन व्यवहारमा उतार्ने भनेको वर्गसंघर्षमा प्रतिबद्ध भएर सरिक हुने भनिएको हो।

संसार बदल्ने उद्देश्य र लक्ष्यका साथ प्रतिबद्ध भएर लामबद्ध भएका क्रान्तिकारीहरूले आजको वर्तमान विश्वलाई बुझ्न र अध्ययन- विश्लेषण गर्न जरूरी छ। वर्तमान संसारको बारेमा वास्तविक धरातलमा उभिएर अध्ययन नगरिकन ठोस विश्लेषण गर्न असम्भव हुन्छ। अतः संसारको अध्ययन गर्ने, त्यसको ठोस विश्लेषण गर्न र त्यसलाई बदल्ने नियमहरूलाई बुझ्नका लागि वैज्ञानिक अध्ययन नै मार्क्सवाद हो।

**मार्क्सवाद**

हामी कम्युनिष्टहरूले मार्क्सवादको अध्ययनको शुरूवात गर्नु भन्दा पहिले मार्क्सवाद भनेको के हो ? भन्ने कुरा बुझ्न र आवश्यक जानकारी लिन जरूरी हुन्छ। कार्ल मार्क्स (५ मे १८१८) र फ्रेडरिक एंगेल्स (२८ नोभेम्बर १८२०) द्वारा सन् १८४८ फेब्रुअरीमा कम्युनिष्ट घोषणा-पत्र मार्फत मार्क्सवादको प्रतिपादन हुन पुग्यो। सन् १८४३ मा पेरिसमा मार्कर्सको एङ्गेल्ससँग भेट भयो, जुन मित्रता उहाँको जीवन भर रहयो । दुईजना मिलेर संयुक्त रूपमा पूजीवादी विचार धाराको विरूद्ध संघर्ष गर्नुभयो। अन्तर ष्ट्रिय सर्वहारा आन्दोलनलाई चलाउनको निमित्त थुप्रै महान ग्रन्थहरूको रचना पनि मार्क्स एङ्गेल्सले गर्नुभयो।

मार्क्सवाद एक वैज्ञानिक सिद्धान्त हो। मार्क्सवाद सर्वहारा श्रमजीवी वर्गको मुक्तिको पथप्रदर्शक सिद्धान्त हो । मार्क्सवादको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन हो। यस दर्शनको सिद्धान्त भौतिकवाद हो। यस दर्शनले पदार्थ, प्रकृति वा सामाजिक सत्तालाई पहिलो र विचार, चेतना वा सामाजिक चेतनालाई दोश्रो स्थानमा राख्दछ।

मार्क्सवादी दर्शन सर्वहारावर्गको विश्वदृष्टिकोण हो । यसलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद भनिन्छ। यस दर्शनको जन्म दर्शनशास्त्रको इतिहासको लामो विकास प्रक्रियाका बीचबाट भएको हो। जुन परि स्थिति र परिवेशमा मार्क्सवादी दर्शन जन्मियो त्यसका आवश्यक पूर्वाधारहरूमा मुख्य गरि सामाजिक- आर्थिक पूर्वाधार, प्रकृति विज्ञानका पूर्वाधार र सैद्धान्तिक पूर्वाधार रहेका छन् । यी तीन पूर्वाधार हुन् : जर्मन दर्शनशास्त्र, अंग्रेजी राजनीतिक अर्थशास्त्र र फ्रान्सेली समाजवाद मार्क्सवादका सैद्धान्तिक पूर्वाधार हुन्। यिनलाई लेनिनले “मार्क्सवादका तीन संघटक अंग” बताउनु भएको छ। तदनुसार दर्शनशास्त्र, राजनीतिक अर्धशास्त्र र वैज्ञानिक समाजवाद मार्क्सवादका तीन संघटक अङ्ग हुन्।

मार्क्सवादका बारेमा लेनिन भन्नु हुन्छ - “मार्क्सवाद मार्क्सका विचार र उनको शिक्षाको व्यवस्थित श्रृङ्खला हो ।” यसका बारेमा स्टालिन भन्नु हुन्छ,- “मार्क्सवाद मार्क्सवादी- लेनिनवादी पार्टीको विश्वदृष्टिकोण हो ।” (३) दर्शन मानव चेतनाको उच्च रूप हो। मानव चेतना समय सापेक्ष हुन्छ, युग सापेक्ष हुन्छ ।” त्यसैले कार्ल मार्क्सले “हरेक साँचो दर्शन आफ्नो समयको बौद्धिक सार, संस्कृतिको जीवन्त आत्मा” (४) भन्नुभएको छ । मार्क्सको वर्ग संघर्षको सिद्धान्त इतिहासको आर्थिक व्यवस्थाको परिभाषा हो। इतिहासको आर्थिक व्यवस्थामा सामाजिक परिवर्तनका कुराहरू समावेश गरिएका छन् भने, वर्ग संघर्षको सिद्धान्तले ऐतिहासिक विकासको बाटोमा समाजको विकास गर्ने तरिका समावेश गरेका छन्।

मार्क्सवादमा सर्वहारावर्गले संसारलाई ठीकसित बुझ्ने र त्यसलाई फेर्ने बौद्धिक अस्त्र भेटाएको छ। यस विषयमा लेनिले दर्शाउनु भएको छ,- “मार्क्सवादी दर्शन एउटा यस्तो परिपूर्ण दार्शनिक भौतिकवाद हो, जसले मानव जातिलाई र खासरूपले मजदुरवर्गलाई ज्ञानका शाक्तिशाली औजारहरू प्रदान गरेको छ।”(५) दर्शनको कति ठूलो महत्त्व हुन्छ भन्ने कुरालाई स्वयम् कार्ल मार्क्सले यसरी व्यवस्था गर्नु भएको छ- “जसरी दर्शनले सर्वहारा वर्गमा आफ्नो भौतिक हतियार भेटाउँछ, त्यसरी नै सर्वहारावर्गले दर्शनमा आफ्नो बौद्धिक हतियार भेटाउँछ।”(६) मार्क्सवादको दार्शनिक पक्षको महत्त्वलाई माओत्सेतुङले यसरी दर्शाउनु भएको छ- “मार्क्सवाद ज्ञानका अनेक शाखाहरूबाट बनेको छ, मार्क्सवादी दर्शन, मार्क्सवादी अर्थशास्त्र र मार्क्सवादी समाजवाद अर्थात वर्ग संघर्षको सिद्धान्त तर जग चाँही मार्क्सवादी दर्शन हो । यदि त्यसलाई मनन गरिँदैन भने हाम्रो एउटा साझा भाषा वा कुनै साझा तरिका हुने छैन, हामी चीजहरूलाई स्पष्ट नपारिकन यताउताका कुरामा तर्क मात्र गरिरहेहका छौं । द्वन्द्वात्मक भौतिकवादलाई मनन गरिसकेपछि थुप्रै दुःख कष्टबाट जोगिने छौं र धेरै गल्तीहरू हट्नेछन्।” (७)

**मार्क्सवादी दर्शन**

कार्ल मार्क्स (१८१८ - १८८३) र फ्रेडरिक एंगेल्स (१८२० - १८९५) मार्क्सवादी दर्शनका संस्थापक हुनुहुन्छ । १९औं शताब्दीको पूर्वार्द्धमा जब पुँजीवादी समाजमा पुँजीपति र सर्वहारावर्ग बीचमा वर्गसंघर्षको अवस्था, प्रकृति विज्ञानका नयाँ खोजहरू र जर्मनशास्त्रीय दर्शन, इङ्गल्यान्डको राजनीतिक अर्थशास्त्र र फ्रान्सको समाजवाद, मार्क्सवादको जन्मका भौतिक तथा सैद्धान्तिक आधार बन्न पुग्दछन्।

खासमा पूँजीवादी दर्शनमा काण्टदेखि लिएर हेगेल एवं फायरबाखसम्म आउँदा दर्शनमा जुन समस्या पैदा भएका थिए, मार्क्स र एंगेल्सले तिनको समाधान वैज्ञानिक ढङ्गले गर्नुभयो । मार्क्सवादी दर्शनको नाम द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद हो । मार्क्सवाद सर्वहारावर्गको समग्र विचारधारा हो। दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवाद तीन तत्व मिलेर मार्क्सवाद बन्दछ । वर्गसंघर्ष, इतिहासमा बलप्रयोगको भूमिका, सर्वहारावर्गको अधिनायकत्व, साम्यवाद मार्क्सवादको इतिहास मीमांसाका मूल विषय हुन्।

दर्शनशास्त्रको वैज्ञानिक अध्ययनका लागि मौलिक प्रश्नको समस्या सही ढङ्गले हल गर्न, द्वन्द्ववाद र भौतिकवादलाई एकै ठाउँमा मिलाई द्वन्द्वात्मक भौतिकवादी दर्शनको स्थापना गर्नु समाजवादको विचारधारालाई केन्द्रविन्दुमा राखी भौतिकवादको सिद्धान्त र द्वन्द्ववादको पद्धति अवलम्बन गरी नयाँ दार्शनिक प्रणालीको निर्माण गर्नु मार्क्सवादी दर्शनका मूलभूत विशेषता हुन्।

**मार्क्सवादी दर्शनका जन्मका आधारहरू**

मार्क्सवादी दर्शन एक वैज्ञानिक दर्शन भएकाले हो। मार्क्सवादी दर्शन सर्वहारा वर्गको विश्वदृष्टिकोण हो। यसलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद भनिन्छ। यस दर्शनको जन्म दर्शनशास्त्रको इतिहासको लामो विकासप्रक्रियाका बीचबाट भएको हो । जुन परिस्थितिमा यो जन्मियो त्यसका आवश्यक पूर्वाधारहरू निम्न रहेका थिए।

(१) **सामाजिक-आर्थिक पूर्वाधार**

युरोपका इङ्ल्यान्ड, फ्रान्स लगायतका देशहरूमा उसन्नाईसौं शताब्दीको चौथो दसकमा आउँदै गर्दा सामन्तवादका विरूद्ध पुँजीवादी क्रान्ति सम्पन्न हुँदै जानु, उत्पादक शक्तिको तीव्र विकास हुँदै जानु, यसै प्रक्रिया अन्तर्गत औद्योगिक क्रान्ति हुनु, समाजमा पुँजीपति र सर्वहारावर्गका बीचमा वर्गसंघर्ष चर्कंदै जान थाल्नु, पूँजीपति वर्गका विरूद्धमा संघर्षमा सर्वहारावर्गलाई इतिहासको सबैभन्दा प्रगतिशील वर्गको रूपमा विकसित हुँदै जानु, मजदुर वर्गले आफ्नो हक र हितका लागि आन्दोलनको प्रक्रिया अगाडि बढ्दै लैजानु, इङ्ग्ल्यान्डका लुलाइड (मेसिन तोड) र चार्टिस्ट आन्दोलन (१८३८ - १८४२) चर्केर जान्छ। ठीक यो थप परिस्थितिमा मजदुरवर्गको मुक्ति, उद्देश्य र आन्दोलनका लागि सुसङ्गत क्रान्तिकारी विचारधाराको निर्माण एक ऐतिहासिक आवश्यकता बन्न गयो। त्यसको परिपूर्तिको लागि मार्क्स-एंजील्सलेले मार्क्सवादको प्रादुर्भाव गर्नुभयो।

(२) **प्रकृति विज्ञानका पूर्वाधार**

दासयुग युगीन समाजको पतनको सँगै विशेषतः युरोपको पुनर्जागरण कालयता प्रकृति विज्ञानका क्षेत्रमा प्रशस्त विकास हुँदै आयो । ज्योतिषशास्त्र, गणित, भौतिक विज्ञान, यन्त्रशास्त्र, रसायनशास्त्र, जीवन विज्ञान लगायत प्रकृति विज्ञानका विविध क्षेत्रमा नयाँ खोज हुँदै गइरहेका छन्।

यी सबै नयाँ खोजको परिणाम प्रकृति विज्ञानमा विद्यमान यान्त्रिक तथा अधिभूतवादी चिन्तनका विरूद्ध द्वन्द्ववादको स्थापना, प्रकृति तथा प्रकृति विज्ञान द्वन्द्ववादी रहेको पुष्टि । यो स्थितिमा तथाकथिक प्रकृति दर्शनको अन्त्य भई प्रकृति विज्ञानका विविध शाखाहरूलाई स्वतन्त्र विज्ञान बन्नका लागि राम्रो आधार तयार भयो। विशेषतः ऊर्जा संरक्षण र रूपान्तरणको सिद्धान्त, जीवकोषको खोजी र डार्विनको विकासवादी सिद्धान्त आदिले मार्क्सवादको जन्मका आधार तयार बन्न पुग्यो।

*क्रमशः अर्को अंकमा*

---

◆ झर्रोटर्रो कैलुब्राह

## प्रमको आत्मोक्ति

मने, कस्तो भूतले खाजा खानेबेला प्रमको कुर्ची प्राप्त भयो। नखाऊँ त जिन्दगीभरको शिकार, खाउँ भने आफ्नै टाउकाको मोल तोक्नेको अनुहार। मेरो कुर्ची र अक्करमा फलेको तरुल दुबै उस्तै लाग्चन्। जुन दिन कुर्चीमा बसियो त्यसैदिनदेखि दिन गन्ती सुरु भो। सुत्दा पनि राम्ररी निद्रै लाग्दैन। सोच्छु कहिले त उज्यालै नभइदिए हुन्थ्यो भन्ने लाग्च । आफ्नै तरिकाले चल्न पनि नपाइने । अघिल्लो पटक त्यत्रो पावर थियो र त केही नगरी पदै खुस्कियो, ऐले त झन् दिन गनेर बसेको कुर्चीबाट के काम गर्नु। गर्न खोजे पनि क्यै गर्न दिने हैनन्। मेरो मनले त उखानप्रसादलाई नछोडौँ भन्ने नै लाग्या’थ्यो । उनीसँग कैयौँचोटी भनेको पनि थिएँ कि अब तपाइँ हाम्रा बिचमा धेरै टाढाको सम्बन्ध छैन भनेर। घुम्दै फिर्दै हामी पनि उनकै बाटोमा त आ’का थ्यौँ। उनले पनि हो मा हो मिलाएकै थिए । मान्छे त असाध्य खराव पो रहेचन्। भिमदत्त पन्तका मित जस्ता। अष्ट्रेलिया प्रकरणमा धन्नै सिध्याइसकेका थिए। गएको भए त सिध्याउने नै रैचन्। धन्न भाग्यले गर्दा बचियो बा । त्यसैले त नचाहेर पनि उनको साथ छोड्नु पऱ्यो । खुरुक्क भद्र सहमति लागू गरेको भए तिनका बाउको के जाने थियो ? सत्ता भनेको मिलिजुली खाने कुरा त हो। एक्लै हसुर्न खोज्ने हाँडिघोप्टे पो रहेचन् बा यी उखानटुक्के त। सल्लाह गरेर हसुरेको भए पनि हुन्थ्यो, षड्यन्त्र गरेर पो हसुर्न खोजे।

मने, कमसेकम हिज उखानेसँगको सङ्गतका बेला राष्ट्रवादीको पगरी लाउन त पाइयाथ्यो । ऐले त त्यो पनि खुस्क्यो । राष्ट्रवादी बन्न यी डेउडापतिले मरेकाटे दिनेवाला छैनन् । खाँट्टी आइसी दारीवाललाई गार्ड बनाएर पठाइद्या छन्। बायाँ फर्कन खोज्यो कि भालाले घोचिहाल्छन्। सुत्दा पनि बायाँ कोल्टे नसुत्ने आदेस छ । कस्तो फसाद पऱ्यो बा उस्स्स्स्स्स्!

उता रैतीहरूले पनि लौ है उखानेले गरेका उत्तरतिरका काम अगाडि बढाऊ भन्चन्। यता आफूलाई समर्थन् गरेका भैयाहरूले दख्खिनतिरको जे आदेस हो त्यसबाट दायाँबायाँ गर मात्रै, भनेर थर्काउँचन्। सुरुमै सहिदको फाइल तेर्स्या छन्। फाइलमा भा’जति सबैलाई सहिद घोषणा गर्नु पर्ने रे। ददशलाख रुप्पे पनि सबैको एकमुष्ट भैयाहरूको खातामा हाल्दिनु पर्ने रे। परिवारलाई सिधै दिन पनि नपाइने रे। कस्तो अप्ठ्यारो शर्त। मुखमा हालेको तातो पिँडालु जस्तो। निल्नु न ओकल्नु। अब त बसबाट खसेर मरे पनि सहिद, करेन्ट लागेर मरे पनि सहिद, अंशबण्डामा भाइझगडा परेर मारे पनि सहिद, जारले काटे पनि सहिद, सर्पले टोके पनि सहिद हुने भए बा। हुँदाहुँदा पुलिस सेना पनि सहिद हुने भए। कस्तो परिभाषा आयो। जनयुद्धका सहिद जति अपराधी रे धनयुद्धमा मर्नेहरू सहिद हुने भए। त्यो पनि मेरै हातबाट। उस्स्स्स्स ! के घाँडो आइलाग्यो। यो फाइल पास गर्ने वित्तिकै एक मधेस, नागरिकता दिने, जनसङ्ख्याको आधारमा सीट तोक्ने शर्त पनि आउनेवाला छ। यो मैले राम्ररी बुझेको छु। गुजरातीले जेजे आदेश गऱ्या छन् ती सबै शर्त तेर्स्याउने छन्। उफ ! सोच्दासोच्दै डिप्रेसन होला जस्तो भैसक्यो।

उत्तर दख्खिनतिर ठूलठूला शक्तिहरू छन् । आफ्नो भित्री मन दख्खिनतिर मिले पनि लगाएको कपडाको रङ त उत्तरतिरकोसँग मिल्च। कपडाको रङ फेर्न पनि सकिया छैन । यति छिटै फेर्नु पनि भएन। उखानेहरूले त फेऱ्या छैनन्। डाक्टरले त समयमै बुद्धि पुऱ्याएर रङ फेरिहाले। यी दुईटा शक्तिलाई मिलाएर बिचमा उभिन आफूलाई जनयुद्धमा भन्दा हजार गुणा सकस पऱ्या छ । जनयुद्धमा त सजिलो थियो । दख्खिनतिरका सहर फेरिफेरि बसिन्थ्यो, उतैबाट वक्तव्य फालिन्थ्यो र योजना पठाइदिएपछि यता ठिटाठिटीहरूले ज्यान फालिहाल्थे। गुरुलाई समातेपछि मात्रै डर लाग्या हो। नत्र त कति आनन्द थियो। यताबाट जति भने पनि खर्चपर्च पठाइदिएकै थिए। ऐले त खर्चपर्च पनि आफै जुटाउनु पऱ्या छ । अनेक रङका मान्छेसित सङ्गत गर्नु पऱ्या छ । उनीहरूले भनेअनुसार हिँड्नु पऱ्या छ। कति सकस। यो कुरा कस्ले बुझिदेला ? पीर छ छ, मनैमा छ। दुईटै शक्तिले आआफ्नै पोल्टातिर तान्न खोज्या छन्। कस्तो चपेटा हो यो। एकातिरको तन अर्कातिरको मन जोडेर बाँच्न त निकै गह्रो पो हुँदो रैच।

सकेसम्म दुईटै शक्तिलाई मिलाएर साथ लिनु पऱ्यो भन्ने सोचेर दुईजना दूतलाई कुरा मिलाउन पठाएकै छु क्यारे । कुरा मिलाई त हाल्लान्। उनीहरूकै जातभात मिल्ने, कपडाको रङ र आनिबानी मिल्ने मान्छेलाई दूत बनाएर पठाएकै छु। गुजरातीले दारी पाल्ने भएकाले दूत पनि दारीवाला नै पठा’छु। उत्तरतिरकाको दारीजुङ्गा नहुने भएकाले दूत पनि दारीजुङ्गा नभएकैलाई पठाइया छ । दख्खिनतिर त भैयाकै भाषा मिल्ने भैया नै दूत पऱ्या छन्। उत्तरतिरकाको अङ्ग्रेजी टाक्कनटुकन हुने भएकाले दूत पनि अङ्ग्रेजी टाक्कनटुकन बोल्ने नै पऱ्या छन्। यसरी सबै बान्की मिलाएर पठाएपछि त सन्तुष्ट हुनै पर्ने हो।

आफूलाई उत्तरतिरबाट भन्दा दख्खिनतिरबाट बढि प्रेसर आउँच । यसपटक गएका दूत उतैका परे। केके गरेर आउने हुन् कुन्नी। आफ्नो कोटरीका पनि परेनन्। कमसेकम अप्ठ्यारो पार्ने काम नगरिदिए हुन्थ्यो। सकेसम्म कलङ्क नलाग्ने काम गर्नु पर्ला भन्ने सोचेको छु। सकिएन भने डेउडापतिलाई छोडिदिनु पर्ला। उनको पालामा जेसुकै गरुन्। आफू मरे कुत्तै राजा। खै अर्कोपटक चुनावमा पनि क्या हो क्याहो।

२ भदौ २०७३

kailubraha73@gmail.com

# तेस्रो विश्वका देश र क्यास्ट्रो र चाभेजको महत्व



केशरमणि कटुवाल

राजनीतिको विकल्प राजनीति नै हो । बरु खराब राजनीतिका विरुद्ध असल, सत्ता केन्द्रित भन्दा जनता केन्द्रित, साम्राज्यवादी दलाल राज्य प्रणालीभन्दा समाजवादी, साम्यवादी राजनीतिक प्रणालीतर्फ लम्किन सक्नु चाँहि फाइदजनक हो ।

विश्वभरका क्रान्तिकारीका लागि प्रेरणादायक व्यक्ति अर्नेष्टो चे ग्वेभारासँग मेक्सिकोमा भेट भएर अमेरिकी साम्राज्यवादको नाकैमुनी कम्युनिष्ट सत्ता स्थापना गरेका फिडेल क्यास्ट्रो ठीक एक साताअघि ९० वर्ष पूरा भए । तर, उनको अमेरिकी साम्राज्यवादविरुद्धको घृणा र सर्वहारा वर्गीय जनताप्रतिको विश्वास र माया अझै कुनै तन्नेरी पुस्ताको भन्दा कम छैन । उनले सत्ताको सम्पूर्ण बागडोर भाइ राहुललाई सुम्पिइसकेका छन् तर उनीप्रतिको जनताको मोह घटेको छैन । अमेरिकाले ६ पटकसम्म हत्या गर्ने असफल प्रयास गरेको तिनै वयोवृद्ध कम्युनिष्ट नेतालाई क्युवालीहरुले राष्ट्रपिताका रुपमा सम्बोधन गरे । अमेरिकाको नाकैमसनी कम्युनिष्ट शासन स्थापित गर्दा सायद उनले जति भुक्तमान कमै नेताले भोगेका होलान् । झण्डै आधा शताब्दी क्युवालाई नेतृत्व प्रदान गरेका र संसारकै ध्यान खिच्न सफल भएका क्यास्ट्रो आफ्नो जन्मदिनमा आफ्ना भाइ वर्तमान राष्ट्रपति राहुल क्यास्ट्रो र भेनेजुएलाका राष्ट्रपति निकोलास मादुरोको बिचमा ट्र्याक सुट र हरियो सर्टमा देखिए । यो नै उनको सादगीपूर्ण जीवनको बयान गर्न काफी छ ।

क्यास्टोले स्वास्थ्यका कारण सत्ता भाइलाई सुम्पिएर सार्वजनिक जीवनबाट टाढा भएपनि उनी सम्पूर्ण क्युवालीको अभिभावकका रुपमा सम्मानित छन् । त्यसअघि अप्रिल १९ मा क्युबाली कम्युनिष्ट पार्टीको महाधिवेशनको क्रममा देखिएका उनले अमेरिकासँग सम्बन्धको हात अघि बढाउने आफ्नै भाइको समेत आलोचना गर्नुले उनी साम्राज्यवाद र त्यसका दुर्गन्धित नीतिप्रति कतिसम्म दृढ छन् भन्ने प्रष्ट्याउँछ । स्पेनबाट गएको उखु किसानको परिवारमा जन्मिएर सिंगो क्युवालाई नेतृत्वमात्रै प्रदान गरेनन् उनले अमेरिका समर्थिन फुल्गेसिया बाटिस्टा नेतृत्वको सत्तालाई उखेलेर फालेर १९५९ मा कम्युनिष्ट शासन स्थापना गर्न पुगे । उनको सफलतापति हाल ल्याटिन अमेरिकी देशहरु भेनेजुएला, बोलिभिया र निकारागुवामा कम्युनिष्ट शासन छ । क्यास्ट्रो विश्व कम्युनिष्टका महागुरु कार्ल मार्क्सदेखि एंगेल्स, लेलिन स्टालिन, माओ, होचि मिन्हजस्ता सम्मानित नेताजस्तै सम्मानित छन् । विश्वमा कम्युनिष्ट आन्दोलनलाई परास्त गर्ने र साम्राज्यवादी हालिमुहाली चलिहेका बेला कम्युनिष्ट शासन स्थापना गर्दै बहादुरी पूर्वक सफल बनाउनुले पनि उनको नाम दक्षिण अमेरिकी कम्युनिष्ट आन्दोलनका नेताको सूचीको अग्रपंक्तिमा सामेल छ ।


आज एउटा बहस सामान्य रुपमा उठ्ने गरेको छ । के गरिबलाई सशक्तिकरण गर्ने र राज्यको मूल प्रबाहमा ल्याउने भनेको धनीहरुलाई अलग थलग गर्ने हो ? किताबी सिद्धान्तले यसो भन्दैन तर, जबरजस्ती रुपमा बाहिर बहसमा आउने गरेको छ । तर, यसको जवाफ भेनेजुएलाका पूर्व राष्ट्रपति ह्युगो चाभेजभन्दा उत्कृष्ठ तरिकाले कसले दिन सक्छ होला । चाभेज संसारमा समाजवाद, बोलिभारियन क्रान्ति (सिमोन बोलिभार, जसले स्पेनको शासनबाट केही ल्याटिन अमेरिकी देशलाई १९ औं शताब्दीमा मुक्त गराएका थिए) र इसाइयत (गरिब प्रति न्याय र करुणाको चेतना) जगाउँदै भेनेजुएलालाई अमेरिकी प्रभावबाट बचाउँदै समुन्नत राष्ट्रको दिशामा लैजान सफल भए । गरिबका लागि सस्तो तरमा खाना र आवास तथा शिक्षा र स्वास्थ्यसम्म पहुँच बढाउने उनको नीतिले उनलाई चार पटकसम्म भेनेजुएलाको राष्ट्रपति बनायो । पछिल्लो पटक सन् २०१२ मा उनले ५४ प्रतिशत भोट ल्याएर राष्ट्रपतिमा चौथो पटक निर्वाचित भएका थिए । भलै उनको स्वास्थ्य अवस्थाले साथ दिएन र ५ मार्च २०१३ मा ५८ वर्षको उमेरमा मृत्युवरण गर्न पुगे । आज उनकै उपराष्ट्रपति निकोलास मादुरो निर्वाचित राष्ट्रपतिको रुपमा भेनेजुएरालालाई नेतृत्व प्रदान गरिरहेका छन् । सामाजिक न्याय अर्थात सर्वहारा वर्गका लागि उनले ल्याएको नीतिकै कारण उनलाई अमेरिका, अन्तर्राष्ट्रिय वित्तीय संस्था र पश्चिमा तेल कम्पनीहरुले व्यवधान खडा गरिरहे । चाभेज सत्तामा आउनु भन्दा अघि भेनेजुएलाका विशाल तेल खानीमा उनीहरुले नै रजाईं गरिरहेका थिए, जसले उनको जीवनकालभरि नै सत्ताबाट हटाउने षड्यन्त्र गरे र उनको मृत्युपछि पनि मादुरो सरकारलाई असफल बनाउने उत्तिकै प्रयन्त गरिरहेका छन् । चाभेजले पश्चिमा शक्तिहरुको भेनेजुएलाको तेलमाथिको वर्चश्व अन्त्यमात्रै गरेनन्, तेलको उचित मूल्यपनि लिए । कुनै दिन संसारकै सबैभन्दा बढी तेल कुवा भएको देश साउदी अरबभन्दा पनि बढी भेनेजुएलालाई तेल व्यापार गर्न सक्यो । उनले करोडौं जनताको मन जित्न सफल भए । आज पनि भेनेजुएला संचित तेल सम्पदामा पाँचौं देश हो । अमेरिकाले कराकसमा सत्ता पल्टाउन गरेको पटक पटकको प्रयास असफल पारेका चाभेजले साम्राज्यवादसँग जित हासिल गरे तर मृत्यूले उनीसँग बेइमानी गऱ्यो । उनको मृत्युलाई लिएर विश्वभरमा साम्राज्यवाद विरोधी खेमामा दुःख मनाइयो । आज पनि उनले कसरी सामाजिक न्याय र समुन्नत आर्थिक जीवनको आफ्नो लक्ष्य कसरी पुरा गरे भन्ने विषय तेस्रो विश्वमा मात्रै होइन अमेरिका समेत जान्नका लागि उत्साहित छ । केही वर्षअघि देखिएको आर्थिक मन्दी र वालस्ट्रिट आन्दोलनले अमेरिकीलाई धेरै पाठ पढायो । तर, तेस्रो विश्वमा उसको हस्तक्षेप र दादागिरी अन्त्य गर्न र असल मित्रको भूमिका खेल्न सिकाएन । आफ्नो १७ वर्षे किशोरावस्थामा नै भेनेजुएलान एकेडेमी अफ मिलिटरी साइन्सेजमा अध्ययन गरेका उनले राजधानी कराकसमा रहँदा नै आर्थिक समस्याको सामना गरिरहेका भेनेजुलाली जनालाई सामाजिक न्याय दिलाएरै छाड्ने दृढ संकल्प गरेका थिए । अन्ततः उनी प्रतिरोध, बहाली र पुनर्निर्माणको प्रतिकका रुपमा आफूलाई उभ्याउन सफल भए । उनको यो यात्रा आज भेनेजुएला मात्रै होइन शान्ति र स्थिरताको पर्खाइमा रहेको मध्यपूर्व, अफ्रिका र विकासको मार्ग खोजिरहेको ल्याटिन अमेरिकालाई समेत गतिलो उदाहरण बनेको छ । कतिपय देशमा प्रजातन्त्रको खोल ओडेर पश्चिमा शक्तिले गरिरहेको अत्याचारको मुखुण्डो समेत उदांगो बनेको छ ।

पोएब्लो ई लुचा दे ला क्वार्तो गेहा मुन्जियाओ (भेनेजुएला-बोलिभारियन जनता र चौथो विश्वयुद्धको संघर्ष) नामको फिल्मका निर्माताका अनुसार संसारका मानिस फेरि विश्वस्तरमा जारी चौथो विश्वयुद्धको हिस्सा हुन् र यो युद्ध नवउदारवादी पूँजिवाद र वैश्विकरणको विरुद्धमा हुनेछ । सन् १९९० को दशकमा भेनेजुएलामा तीव्र वर्ग अन्तरविरोध र संघर्षहरु चर्किए । यो आन्दोलन इन्धन र खाद्यवस्तुको मूल्य चर्को रुपमा बढाइएपछि १९८९ को फेब्रुअरीमा सुरु भएको थियो । यस क्रममा केही सर्वसाधारण मारिएका थिए । करिब एक दशक लामो अस्थिरतापछि सन् १९९८ मा पूर्व लेफ्टिनेन्ट कर्णेल ह्युगो चाभेज राष्ट्रपतिमा निर्वाचित भएका थिए । त्यसबेला नै उनले संविधानमा सुधार, भ्रष्टाचार र महंगी नियन्त्रण गर्ने बाचा गरेका थिए । उनले आफ्नो जीवनकालभरी त्यसलाई पूरा गर्नका लागि लागि नै रहे । अझैपनि भेनेजुएलामाथि विश्वव्यापिकरण, अन्तर्राष्ट्रिय आर्थिक तथा राजनीतिक र साम्राज्यवादी खतरा छँदैछ । तर, यो समयसम्म भेनेजुएलाका जनताका संघर्ष नवउदारवादी पूजीवादविरुद्धको एक अन्तर ाष्ट्रिय आन्दोलनका रुपमा परिरिचत भइसकेको छ । सधैं अमेरिकी साम्राज्यवादलाई खुसी बनाउन लागिपरेका तेस्रो विश्वका शासकवर्गलाई बोलिभारियान क्रान्ति अर्थात ल्याटिन अमेरिकी देशको आन्दोलन र संसारभर देखिएको समाजवादी आन्दोलनलाई समर्थन गर भन्न नसकिएला तर हामी यति भन्न सक्छौं कि तेस्रो विश्वका सबै देशका जनताको लक्ष्य आफ्नो देशका शासक वर्गलाई नवउदारवादको खतराको नजिक जानबाट रोक्नु भने अवश्य हुनुपर्नेछ । मजदुर र सर्वहारा वर्गका जनताबीच लोकप्रिय रहेका चाभेजले मध्यमवर्ग र उच्च वर्गमा केही दुश्मनी पैदा गरेकै थियो, किनकी यो वर्ग कहिल्यैपनि तेल निर्यातबाट आएको पैसा कमजोर वर्गका जनतालाई नबाँड्न भन्ने चाहन्थे । सेप्टेम्बर २००१ मा आयरल्याण्डका दुईजना फिल्म निर्माता किम बार्टले र डोनाशा ओब्राउन चाभेजको जीवनीलाई लिएर फिल्म बनाउन गएका थिए । उनको छवी एक चामत्कारिक नेताको थियो, उनी जनताको नेता, लोकप्रिय, विचारक र बौद्धिक विमर्शकारका रुपमा समेत परिचित थिए । उनी एक राष्ट्रवादी सिपाही त छँदै थिए । जसको उदेश्यलाई सम्पूर्ण ल्याटिन अमेरिका नतमस्तक थियो । तर सोही समयमा सन् २००२ अप्रिल ११ मा ती फिल्म निर्माताहरु कराकसमै रहेका बेला दक्षिणपन्थीले गरेको सत्तापलटमा उनको सरकार ढल्यो । उनीहरु त्यही फस्न पुगे । उनको सत्ता ढल्नुमा सेनाको एउटा हिस्सा र दक्षिणपन्थीको ठूलो हिस्साले मात्रै भूमिका खेलेन । ठूलै षढयन्त्रबाट यो वातावरण सिर्जना गरिएको थियो । तर, जादुमयी तरिकाले करिब ४८ घन्टापछि सेना र भेनेजुएलाका जनताको साथले उनी पुनः सत्तामा फर्किए । यो फिल्म 'द रिभोल्युसन विल नट बी टेलिवाइज्ड' मा यो छोटो अवधीमा भएका सबै नाटकीय मोडलाई कैद गरिएको थियो । विद्रोहीको विजयीभाव भाषण, उनको विरुद्ध सेनाको विद्रोह र चाभेजको सत्तामा पुनरोदय यो नाटकीय अनुभवको उत्कर्षको क्षण हो । निजी स्वामित्वका टेलिभिजनले सत्तापलटको समर्थन गरेका थिए, जस्तोकी सञ्चारमाध्यमले सधैंजसो धनी वर्ग र शक्तिशालीकै पक्षमा आवाज उठाउछन् । चाभेजका विरुद्ध त्यसबेला सञ्चारमाध्यममा ठूलै प्रचार भयो र प्रतिक्रान्तिका एजेन्टका रुपमा उनलाई व्याख्या गरियो, जसरी निकारागुवाको मार्क्सवादी सैन्दिनिस्ता सत्तामा आउनुभन्दा अघि पश्चिमा देशले राजधानी मानागुवाका सबैभन्दा ठूला पत्रिकामा उनीहरुका विरुद्ध प्रचार अभियान चलाएका थिए । जस्तो कि मिडियाबाट यस्ता प्रकारका झुठले काम नगरेपछि अमेरिकामा प्रशिक्षित र अनुदान प्राप्त भाडाका कोन्ट्रा विद्रोहीलाई निकारागुवामा लोकतान्त्रि तरिकाले निर्वाचित सैंदिनिस्ता सरकार ढलाउनका लागि होण्डुरसबाट घुसाइएको थियो । त्यसकारण अहिले पनि जब अमेरिकाले लोकतन्त्र, मानवअधिकार, स्वतन्त्रता शब्द उच्चारण गर्छ, तब उसले ख्यालठट्टा गरेजस्तो लाग्छ । किनकी संसारमा धेरैजसो देशमा अमेरिकामा भन्दा बढी लोकतन्त्र, मानवअधिकार, स्वतन्त्रता बहाली भएको छ । करिब ४२ वर्षअघि लोकतन्त्रका प्रतिक चिलीका राष्ट्रपति साल्भाडार अल्याण्डेलाई अमेरिकाले जे गरेको थियो, सायद इतिहासका विद्यार्थीले भुल्न सक्दैनन् । उनको अपराध यतिमात्रै थियो कि उनले देशको तामा उद्योगलाई राष्ट्रियकरण गरेका थिए । ताकि देशका मजदुरको जीवन सुखमय बनाउन सकियोस, यो सम्पत्ति अमेरिकी बहुराष्ट्रिय कम्पनी एनाकोण्डा, केनेकट र सेरोको हातको लुटबाट बचाउँन सकियोस । सीआईएको षद्यन्त्रबाट अगस्टो पिनासेले गरेको सत्ता कुनमा राष्ट्रपति अल्यान्डेसहित हरेक क्षेत्रमा रहेका उनका हजारौं समर्थकको हत्या गरियो । शिक्षक, कलाकार, मजदुर नेता र किसान नेताको समेत हत्या भयो । गल्लीदेखि सडकसम्मका उनको राष्ट्रवादी विकासको मोडलको समर्थन गर्नु मृत्युपत्रमा हस्ताक्षर गरेसरह भयो । अल्यान्डोको मृत्यु तामाका कारण भयो, त्यसअघिका चिलीका राष्ट्रपति जोस म्यानुअल बाल्माचेदाको मृत्यु नाइट्रेड सम्पदातका कारण भइको थियो । अमेरिकाले भेनेजुएलासँग तेलका कारण रिसिइबी साँधेको थियो र तेलकै कारण इराकका राष्ट्रपति सद्दाम हुसेनले ज्यान गुमाउनु पऱ्यो । देशमा धेरै सुधार गरेका कर्णेल गद्दाफीको पश्चिमाको इशारामा नचल्दा नै हत्या भयो ।

> *चाभेजका विरुद्ध त्यसबेला सञ्चारमाध्यममा ठूलै प्रचार भयो र प्रतिक्रान्तिका एजेन्टका रुपमा उनलाई व्याख्या गरियो, जसरी निकारागुवाको मार्क्सवादी सैन्दिनिस्ता सत्तामा आउनुभन्दा अघि पश्चिमा देशले राजधानी मानागुवाका सबैभन्दा ठूला पत्रिकामा उनीहरुका विरुद्ध प्रचार अभियान चलाएका थिए ।*

भेनेजुएलाका वर्तमान राष्ट्रपति निकोलास मादुरोको व्यक्तित्व त्यति चामत्कारिक छैन जती चाभेजले घरेलु र अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो छाप छोड्न सकेका छन् । अहिले भेनेजुएलामा मादुरोलाई हटाउन विभिन्न प्रयासहरु भइनै रहेका छन् । सामाजिक आर्थिक व्यवस्थामा सुधार ल्याउँदै समतामूलक समाज निर्माण गर्ने चाभेजको नीतिका विरोधीले हमला गर्नका लागि यो नै सही समय ठानेका छन् । भेनेजुएला र क्युवाबीच अहिले पनि धेरै नजिकको सम्बन्ध रहेको छ । अमेरिकी साँढेका लागि लाल झण्डाको कुनै कमी छैन । भेनेजुएलाका विपक्षी नेता एनही कापिलेस राउंस्की जस्ताा नेता अमेरिकी मार्गदर्शनमा चलेका छने भने क्युबामा ३० हजार डाक्टर र मेडिकल कर्मचारी गरिबका लागि काम गरिरहेका छन् । अब यिनीहरुको क्रान्तिकारीले समर्थन गरे कि विरोध ? अमेरिकाको तेलबजारमा आफ्नो निर्भरता कम गर्नका लागि जे गर्नुपर्छ त्यही गर्छ । अमेरिका जति चाभेजको विरोध गर्दथ्यो, त्यती नै भेनेजुएलाका जनताको नजिक पनि जान्थ्यो । आज तेस्रो विश्वमा ठीक यही भइरहेको छ ।

चाभेज र क्यास्ट्रो पछिल्ला दुई दशकका दौरान क्रान्तिकारी ल्याटिन अमेरिकी देशका प्रतीक बनेका छन् । अमेरिकाको प्रभुत्ववादका विरुद्ध संघर्ष गरिरहेका तेस्रो विश्वका हरेक क्रान्तिकारीका लागि यो एउटा जान्नैपर्ने यथार्थ हो । ल्याटिन अमेरिकी देशहरु भेनेजुएला, क्युवा, बोलिभिया, इक्वेडर र निकारागुवामा वाम पार्टीहरुले सञ्चालन गरेको साझा बोलिभारियन क्रान्तिले अमेरिकी साम्राज्यवादको कुनै समयमा निन्द्रा विथोलिदिएको थियो । ब्राजील र अर्जेन्टिना भने अमेरिकी नीतिको खुलेर विरोध र समर्थन दुवै गर्न सक्दैनन् । पेरु अमेरिकासँग सतर्क रहँदै आएको छ । आज चाभेजको अनुपस्थितिमा उनको विर ासत कमजोर बनेको छ । छोटो समयमा नै क्यान्सर लाग्नु उनको जीवनको बिडम्बना बन्यो । तर, उनले ल्याएका सामाजिक न्यायका नीति तेस्रो विश्वका हरेक व्यक्तिका लागि महत्वपूर्ण छन् ।





# समयसापेक्ष परिवर्तित लोकगीतहरू

उपनिषद्कालमै नेपालको अस्तित्वमा रहेको पाइन्छ। यस अर्थमा नेपाल प्राचीन देश हो । मध्यकालीन नेपालका सामाजिक लोकसंस्कार संस्कृतिका बारेमा सबै प्रस्ट नभए पनि प्राप्त ऐतिहासिक सामग्रीहरूबाट भने शासकीय प्रभुत्व, वर्ण व्यवस्था हस्तक्षेप, धार्मिक जडताको प्रतिविम्ब लोकसाहित्यमा परेको देखिन्छ । राज्यसत्ताभित्रका गुट, उपगुट तिनीहरूका बीचमा हुने संघर्षले आमजनताहरूमा पार्ने प्रभावले समाज समुदायले सिर्जना गर्ने लोकसाहित्यमा प्रभाव पारेको पाइन्छ।

पछिल्लो कालखण्डमा नेपाल विभिन्न भुरेटाकुरे राज्यमा विभाजित थियो । ती राज्यहरूमा आ-आफ्नै प्रकारका लोकसाहित्य, संस्कृति एवम् जीवन पद्धति, मूल्य मान्यताहरू थिए । भूगोल जनसंख्याले पृथक राज्य देखिए पनि कयौँ संस्कृतिका विसारदहरू भने एउटै-एउटै देखिन्छन् । विभिन्न राज्यहरूबीच हुने मेलमिलाप, झैझगडा, जय, पराजय, भारदारी वा शासकीय षड्यन्त्र आदिको प्रभाव लोकजीवनमा पर्ने र त्यसको प्रतिछायाँ लोकगीतमा व्यक्त भएको पाइन्छ।

राज्य सञ्चालनमा प्रयोग गरिएको दैवी शक्तिका नाममा शासक र शासितबीचको असमान खाडलका विरुद्धमा जनचेतना वा प्रतिशोधमा आएको असाधारण परिवर्तनले लोकगीत सिर्जनामा महत्त्वपूर्ण भूमिका निर्वाह हुनपुग्यो । परम्परागत समाजभन्दा माथि उठेर जीवन र जगत्लाई बुझ्ने प्रगतिशील धारणाको औचित्य पुस्ट्याईंले विगतका सोच मूल्य मान्यतामा परिवर्तन आउँदा यथास्थिति र प्रगतिशीलताको द्वन्द्वले लोकगीत सिर्जनामा प्रभाव पर्नु स्वभाविकै थियो । यसरी विचारमा आएको परिवर्तनले वर्ग कित्तामात्र छुट्टिएन, सामाजिक ध्रुवीकरण हुँदै यथास्थितिवादी वा शासकीय लोकगीतहरू र जनपक्षीय वा जनताका लोकगीतहरूमा विभाजन हुनपुग्यो । हाम्रो र तिम्रो वा हुने र नहुने अथवा हेप्ने र हेपिनेहरूका वर्ग स्वार्थअनुरूपका लामो समय चलेको वा चल्ने सामाजिक द्वन्द्वले सिर्जित लोकगीतहरूको प्रभाव समकालीन समाजमा प्रत्यक्ष पर्दछ। त्यस्ता सिर्जनाले अल्पकालीन र दीर्घकालीन छाप छाडेको पाइन्छ । कुनैको अस्तित्व छोटो समयसम्म रहन्छ भने कुनैको प्रभाव लामो समयसम्म पर्दछ । जस्तो तलको लोकगीत-

बजार भाउ उक्लँदो छ, पेशा छ मन्दीमा ।
नेपाल देश ठगी खायो, सुगौली सन्धीमा ॥

राजनीतिक परिवर्तन हुन जति सजिलो छ लोकसाहित्य, संस्कृति परिवर्तन हुन त्यति सजिलो हुँदैन । जस्तो तत्कालीन जुम्ला राज्यका राजा बलिराजले चलाएको भैलो वर्तमानसम्म विभिन्नरूपमा कायमै छ । स्रष्टाहरू दूरदृष्टि राख्दछन् । लोकगायकहरू आफ्नो भूगोलमा मात्र सीमित हुँदैनन् । आफ्नो र अर्काको देशमा भएका दमनका विरोधमा कसरी सिर्जना हुनसक्तछ भन्ने कुरा भियतनाम युद्धमा अमेरिकी साम्राज्यवादले गरेको बर्बर दमनलाई लोकस्रष्टाहरूले यसरी गीतबाटै सचेत गराउन पुग्दछन् ।

खोलाखोला नहिँड्नुहोला ।
अम्रिकानले खसाउँछ बम गोला ॥

समाज एउटै गतिले चल्दैन । परम्परावादी समाजले थोपरेको निराशा, कुण्ठा, अन्धविश्वास, कुरीतिबारे नबुझ्दा निराशावादी गीतहरू सिर्जना हुनपुगे । असमानताका कारण नबुझ्दा आफ्नो पीडा खप्न नसकी मृत्युवरण गर्ने सजिलो उपाय र बाँच्दासम्म दुःख व्यहोर्नुपर्ने बाध्यतालाई मीठासयुक्त गीतहरू यसरी सिर्जना भएको देखिन्छ।

मानकोट छेडा गाड, म आफैँ तरुँकी ।
घाँटीमाथि पासो लगाई, हिँई कतै मरुँकी ॥
पाक्यो फल चरीले खान्छ, काँचो फल रुखै छ ।
जाँसम्म परानी रन्छ, त्याँसम्म दुःखै छ ॥

वर्गीय चेतनाको अभावमा वर्ग कित्ताको बोध नहुँदा शासक सामन्तहरूलाई खुसी बनाउन चाकडी चाप्लुसी गर्दै यस्ता गीतहरू पनि सिर्जना हुन पुग्दछन् । जस्तो-

साल कसा, समय कसा, मैना कसा कसा ।
पाटन दुबो पलाई जाला, हिउँचुलीय रसा ॥

न आसा, न कुण्ठा, न उत्साह उमंग यस्ता गीतहरू पनि सिर्जना भएका छन् । जस्तो-

घाँम बुडी डाँडैमा गैग्या, सल्ली टुप्पा घाम छन् ।
मर्न्यालाई कालैले लैगो, बाचन्यालाई राम छन् ॥
माल अड्डा बैदार छैन, खाता बई खोल्नु छ ।
के-के हुन्छ समयले, तमासा देख्नु छ ॥

जब असमानता बढ्दै जान्छ, सामाजिक द्वन्द्वले पृथक २ वर्गको आ-आफ्नो वर्ग स्वार्थअनुसारका लोकसिर्जनाहरू हुनपुग्दछन् । धनी र गरिब वर्गबीच हुने न्याय वर्गीय हुन्छ भन्दै लोकस्रष्टाहरू यसरी लोकगीत सिर्जना गर्न पुग्दछन् ।



मनोहर लामिछाने

बस्ती राम्रो समाइलाको, धारपानीका केला ।
धनीको निसाफ हुन्छ, गरिब हुन्छ हेला ॥

गरिबीका कारण आयआर्जनका लागि विदेशिनुपर्ने आमनेपालीको नियति बनेको छ । हिजो भारतका गल्लीगल्लीमा बहादुर, गोर्खाको नामले विदेशमा श्रम गर्ने नेपाली आज खाडीलगायतका देशहरूमा सस्तो मूल्यमा श्रम बेच्दै छन् । कामको खोजीमा विदश गएका पति घर नफर्कनु एक्लै घर व्यवहारको पीडाले पिरोलिनुको पीडा गीतबाटै मनका भाव यसरी व्यक्त हुन्छन्-

माथि खेत कालु शाहीको, तल्तिर भानेको ।
ढुङ्गाको मन हुँदो रैछ, छोडेर जानेको ॥
वरकी फरकी गर्छन्, पारी वनका साज ।
जोडीको परेवा छैन, एक्लै घुम्छ बाज ॥

समयको गतिसँगसँगै परिवर्तित राजनीतिक पद्धतिका प्रभावले अन्य क्षेत्रजस्तै लोकसाहित्यमा प्रभाव नपार्ने कुरै भएन । १० वर्षे जनयुद्धले राज्यको समग्र क्षेत्रमा प्रभाव पार्दा लोकगीतमा समेत नयाँ धारको विकास गऱ्यो । नेपाली समाजमा रहेका विभिन्न कुरीतिहरूलाई राजनीतिकरूपमा जनयुद्धले क्षतविक्षत पार्दै जाँदा सामाजिकरूपमा जनताका गीतहरू मार्फत् जनयुद्धलाई सहयोग पुऱ्याउन थुप्रै लोकगीतहरू सिर्जना भएका छन् । परम्परागत मायाप्रीतिका गीतहरू भाग्य भरोसायुक्त अदृश्य शक्तिप्रतिको अघाध विश्वास, त्रास एवम् शासकहरूका स्तुतिगानका लोकगीतहरूको सट्टामा राष्ट्रिय स्वाधिनता र वर्गीय मुक्तिका लागि जागरूक बनाउने लोकगीतहरू सिर्जना हुनपुगे । गाउँघरका वन जङ्गल, पाखा पखेरामा विभिन्न भाका र लयमा जनताका गीतहरू कथ्न, भन्न र गाउन थालियो । जस्तो-

केटी - हात्तीमाथि माओत्याय, माओत्यामा होद्धा ।
दुबै मिली कसम खाँदै, बनौँ मुक्ति योद्धा ॥
केटा - सीमाध्याईं बजार राम्रो, ताल मिल्याको तोली ।
शोषक फाल्न आजै उठौँ, न भनौ है भोलि ॥
केटी- बिछोड भयाका जोडा, दिनका मैना गन्ने ।
जनवाद अनाउँदासम्म, हुन्न मनको भन्ने ॥
केटा- दुई बैनी बयाली खेल्छिन, रुप्स्या रानी वन ।
जनवाद कसरी आउला, फेरि मलाई भन ॥
केटी- भेरीका जँगार ठूला, तर्ने वालो तर्छ ।
गरिब, किसान, सर्वहारा, फेरि उठ्नुपर्छ ॥

जनयुद्ध बीचमै तुहियो। १२ बुँदे सम्झौतापछि जनवादी राज्य सत्ताका लागि लडेका मुक्ति योद्धाहरू क्यान्टोन्मेन्ट, सेना समायोजन हुँदै गौरपूर्ण बलिदानीमा ब्रेक लाग्दा आमूल परिवर्तनको आकांक्षामा तुषारापात भयो । विभिन्न भ्रमहरू सिर्जना भए । संगठित विशाल शक्ति खण्डित भयो। शान्ति सम्झौताको करिब एक दशकमै व्यवहारतः जनुद्धले देखाएका सपनाहरू लथालिङ्ग भताभुङ्ग हुनपुगे । नयाँ नेपालको नारा हास्यपूर्ण बन्न गयो । भनाइ र गराइमा एकरूपता देखिएन । अपेक्षा गरेका नायकहरू खलनायकमा परिणत भए । जनताका आशा निराशामा परिणत भए । विसङ्गतिका श्रृङ्खलाहरू यति बढेकी त्यसलाई सही बाटोमा ल्याउन भविष्यमा ठूलो मूल्य चुकाउनुपर्ने अवस्था सिर्जना भयो । तर पनि जनता आफ्नो मुक्तिका लागि पुनः वर्ग कित्ताको पहिचान गर्दै पुनः संगठित हुन, अझ स्पातिलो बन्नुको विकल्प देख्दैनन् । जनताको मुक्तिका लागि अर्को युद्ध अवश्यम्भावी देख्न थालेका छन् । त्यसैले जनताको मुक्तिका लागि अर्को वर्गीय युद्धको तयारी गर्न मुक्ति युद्धको विचार रक्षार्थ पुनः संगठित हुँदैछन् । विगतको समीक्षा, नेतृत्वको गद्धारी अबको तयारी, संगठनका बारेमा आफ्नै लोकभाकामा नयाँ गीतहरू यसरी सिर्जना गर्दै गाउँघरतिर जनतालाई तलका गीतहरूबाट जागरूक बनाउँदैछन्-

मर्मा जिउली खोला बढ्या, माछी मार्ने जाल ।
क्या भनी मरायौ जन्ता, भयो क्या आज काल ॥
जरन धान लगाउन छोड्या, बन्काडज्युली खेत ।
सामन्ती रवाफ उस्तै, छन् कि छैनन् चेत ॥
देशैभरि अस्तव्यस्त, को-को छन् मस्तीमा ।
विद्रोहको राँको बालौँ, हाम्रो गाउँ बस्तीमा ॥
काँधैमा बन्दुक बोकी, काँ जान्छौ मर्माली ।
सीमा मिच्न्या भारतले, खाँदैछ कर्णाली ॥
सुम्लो बग्ने कर्णालीय, धुम्लो बग्ने भेरी ।
संघर्ष अपूरो भयो, लड्नुपर्छ फेरि ॥

"राजनीतिक परिवर्तन हुन जति सजिलो छ लोकसाहित्य, संस्कृति परिवर्तन हुन त्यति सजिलो हुँदैन । जस्तो तात्कालीन जुम्ला राज्यका राजा बलिराजले चलाएको भैलो वर्तमानसम्म विभिन्नरूपमा कायमै छ । सष्टाहरू दूरदृष्टि राख्दछन् । लोकगायकहरू आफ्नो भूगोलमा मात्र सीमित हुँदैनन् । आफ्नो र अर्काको देशमा भएका दमनका विरोधमा कसरी सिर्जना हुनसक्तछ भन्ने कुरा भियतनाम युद्धमा अमेरिकी साम्राज्यवादले गरेको बर्बर दमनलाई लोकसष्टाहरूले गीतबाटै सचेत गराएका छन् ।"

कविता

## वर्ग संघर्ष



क.रामवृक्ष यादव

ए शोषित मजदुर किसान भाइ तेरा,
जीवन रहता आया सदा बेसाहारा।
बहाया पसिना लड जमी आसमां से,
मिटाया गरिबी तु सारे जहां से
पर खुद भुखे गिनता तु रातों का तारा
जीवन रहता .....................

शोषण की दिवारें जबतक खडि है,
गरिबी अमिरी की रेखा पडी हैं,
तबतक ना मिलेगा मुक्ति का किनारा
जीवन रहता........................

चाहे निर्दल पंचायत हो चाहे बहुदल व्यावस्था
इन दोंनो मे न रखना कभि तु अपनी आस्था
मिल उससे सकेगा क्या अधिकार तुम्हारा
जीवन रहता....................................

वर्ग जबतक रहे कायम शोषण रहेगा
वर्ग संघर्ष भी तबतक कायम रहेगा
ये सिद्धान्त है ये माओ विचारधारा
यही भाग्य तेरा केवल ये सहारा
ए शोषित मजदुर ..............................

जितकर के भी चुनाव होगा फिर क्या हासिल
कीन लेगा तुम्हारे सांसद को ओ चाहिल
अतः बुलन्द कर दो वर्ग संघर्ष का नारा
जीत तेरी फिर निश्चित ए सर्वहारा

●●●

कविता

## टाई-सुटको मूल्य



■ हिरामणि दुःखी


तपाइँले लगाएको टाई-सुटको मूल्य
कति पर्छ कमरेड ?
जान्नु थियो मलाई त्यसको मूल्य
साँच्चै कति पर्दोरहेछ हँ ?
...
माफ गर्नुहोला कमरेड
मैले आफ्नो लागि होइन
तपाइँको शरीरमा ठाँटिएको
टाई-सुटको मूल्य सोधेको
त्यत्रो आँट मैले कसरी गर्नु कमरेड ?
नत म तपाइँको सरकारी निवासमा
खादा र बुकी लिएर आउन सक्छु
नत मेरो गाउँको चौरीमा तपाइँ
हेलीबाट ओर्लेपछि
डिनरमा ककटेलको व्यवस्था गर्न सक्छु
म बबुरोको त्यत्रो हिम्मत
कहाँबाट आउनु कमरेड ?
....
देखिरहेछु मैले
तपाइँको टाई-सुटमा
त्रिवेणीमा जीवन खोज्दाखोज्दै पोखिएको
विजय घलेको कट्कटिएको रगत
घोराहीमा पेटको मूल्य खोज्दा
एलएमजीले उधिनेको
सपनाको एक टुक्रा आन्द्रा
मनिमारेको चौरमा छिरलिएको
सुनिलको गिदी
बर्गद्दीको खलियानमा
यत्रतत्र छिरलिएका
'थारु'हरूको निर्जिव शरीर
दोरम्बामा दोब्रिएका हाड र छाला
बेथानमा बैंस गुमाएका
'तिफदी'का यौवनहरू
तपाइँको टाई-सुटमा
मज्जैले टल्किइरहेछन् कमरेड ।
...
बर्मझियाका माडसाव
आँपपिपलका हेडसर
पूर्वेली विशाल र कुमार
त्रिचन्द्र कलेजमा कविता गुन्गुनाउने
इच्छुकहरूका सपना
मेचीकालीका हर मोर्चामा
कोटा पूरा गर्ने
राप्तीका तन्नेरीहरू
अथवा,
लखनऊ, बरेली र बहराइचबाट
बेपत्ता पारिएका अर्धमृत जोवनहरू
अनेकोट, भावाङ, लहँ
मुठभरा र जुफालका पाखाहरूमा
सारङ्गी रेट्दा रेट्दै
आफैँ रेटिएका सुरिला गीतहरू
सबैसबै
सौदा भएछन् कमरेड
तपाइँको टाई-सुटका लागि
त्यसैले यसको मूल्य
महङ्गो होला हैन कमरेड ?
...
मेरो बारी र खेत खलियानका
विषालु झार उखेलेर
हिँड्थे जब तपाइँका नाङ्गा गोडा
गुप्तिलो ओत खोज्दै
कति सुन्दर देखिन्थे
तपाइँका हिलाम्मे गोडाहरू
कति चमकदार थियो
तपाइँको गुप्तवासको अनुहार
यतिखेर सुपर मार्केटबाट झिकाइएका
शाही परिवारका
अत्तर र क्रिमले पनि तपाइँको अनुहार
किन अमिलो र उदासी देखाउँछ कमरेड ?
जब तपाइँका गोडाका बुटहरू
प्राडो र पजेरोबाट ओर्लेर
उच्चकोटीको टाई-सुटको
अर्डर गर्न पस्छन् श्रेष्ठ टेलरिङभित्र
र, पनि शरीरमा स्फुर्ती
किन आउँदैन कमरेड ?
भन्नुस् त कमरेड
तपाइँले लगाएको टाई-सुटको
मूल्य कति पर्छ ?
जान्नु थियो मलाई त्यसको मूल्य
साँच्चै कति पर्दोरहेछ हँ ?
के त्यसको मूल्य सोध्नु
अर्घेल्याइँ होला र कमरेड ?

# रामवृक्ष यादव अर्थात् मास्टरसाहेव भन्ने गर्नुहुन्थ्यो...

रामवृक्ष यादवको सुनियोजित तथा षड्यन्त्रपूर्ण ढंगबाट जसरी हत्या गरियो, त्यो नेपालमा हुँदै गइराखेको राजनीतिक हत्याकै श्रृङ्खलाको एउटा अंश थियो । मैले आफ्नो जीवनमा चिनेजानेका वामपन्थी राजनीतिक कार्यकर्ताहरु र नेताहरुमध्ये उहाँ एक यस्तो व्यक्तित्व हुनुहुन्थ्यो, जो कहिल्यै पनि आफ्ना विरोधीहरु, दुश्मन र हत्याराहरुबाट भयभित, त्रसित र आतंकित भई भागेको पाइनँ । उहाँलाई राजनीतिभित्रको सबै कुराको राम्रो ज्ञान र अनुभव थियो । त्यसै हुनाले उहाँ राजनीतिमा सँधै दिन दुई गुना रात चौगुना गरी हिंडिरहनु हुन्थ्यो, काममा क्रियाशील रहिरहनु हुन्थ्यो । उहाँ सर्वसाधारण जनमानसका सामु जति सिधासादा र सरल हुनुहुन्थ्यो, त्यति नै आफ्ना विपक्षी र दुश्मनहरुका सामु कठोर । त्यसै हुनाले त देशका सम्पूर्ण भागका क्रान्तिकारी, न्यायप्रेमी जनताले उहाँले गह्रुंगो सहादत प्राप्त गर्नुभएको यति लामो समय वितिसक्दा पनि उहाँप्रति भावपूर्ण क्रान्तिकारी श्रद्धाञ्जली अर्पण गर्दैछन्, उहाँप्रति अत्यधिक माया, स्नेह, श्रद्धा राख्छन् र भावपूर्ण श्रद्धाञ्जलीहरु अर्पण गर्दै आइरहेका छन् ।

कमरेड रामवृक्ष यादवलाई आफ्नो जीवनसँग अत्यधिक माया थियो । तर, जहाँ क्रान्तिको मैदानमा आगो फुक्ने र वर्गयुद्धमा आफूलाई लाने प्रश्न उठ्दथ्यो, त्यस बेला उहाँले आफ्नो परिवार, घर, भौतिक सम्पत्ति, छोराछोरी, बुढीआमा, स्वास्नी आदि गौण सम्झिनु हुन्थ्यो । मैले उहाँसँगको छोटो सम्पर्क र चिनारीबाट बुझेको र पाएको हृदयस्पर्शी कुरा के थियो भने, "हामी जहिले पनि राज्यसत्ता र प्रतिक्रियावादीहरुको षड्यन्त्रमा परी आफ्नो ज्यान गुमाउन नपर्ला भन्ने स्थिति कसैले नसोचे पनि हुन्छ । हामी राजनीतिमा पर्सिएका व्यक्ति हौं । आज हामी सबै सँगसँगै छौं, उठबस, खानपिन, गम्भीर छलफल, मनोरञ्जन गरिराखेका छौं । हुन सक्दछ हामीमध्ये कोही पनि कहिले पनि स्वाभाविक मृत्यु, दुर्घटना र हत्याको शिकार हुन सक्दछौं । मृत्यु सामान्य मान्छेका लागि अशुभ संकेत हो, तर हाम्रो मृत्यु भनेको तपाईं हामी राजनीतिक कार्यकर्ताहरुका लागि क्रान्तिको आगो बाल्ने एउटा सुकेको सलाइएको काँटी हो । एउटा स्प्रिट र उर्जा हो ।" कमरेड यादवले यो कुरा आफ्नो हत्या हुनुभन्दा २० दिनअघि एकरातसँगै विताउँदा कुराको सिलसिलामा भन्नुभएको थियो । उहाँको यो कुरा सुनेपछि हामी सँगै रहनु भएका क.मातृकाप्रसाद यादवले मुस्कुराउँदै, आँखाका नानीहरुलाई चारैतिर दौडाउँदै आफ्नो मैथली भाषामा भन्नुभएको थियो- "कमरेड ! मास्टरसाहेवले ठीक कुरा गर्नुभयो । अब केही वर्षपछि नभन्दै हामीमध्ये कैयौंले आउने वर्गयुद्धको रापिलो मैदानमा आफूलाई आहुती दिनुपर्ने दिन नजिकिंदै आइराखेको म टड्कारो रुपमा देखिराखेको छु । त्यसो हुनाले हामीले आफूलाई मानसिक र भौतिक रुपले तयार राख्नुपर्दछ ।" 'ठीक कहिल छी कमरेड मास्टरसाहेव' भनेको २२ दिनपछि नेपाली र भारतीय पेशेवर गुन्डा, हत्याराहरुको हातबाट क.रामवृक्षले सहादत प्राप्त गर्नुभयो ।

'आफ्नो स्वतन्त्रता र स्वाभिमानको लागि रुस, चीन, भारत, कोरिया, भियतनाम, अमेरिका, टर्की, फ्रान्स, मिश्रका असंख्य जनता र क्रान्तिकारीहरुले लडेको, ठूल्ठूलो आहुती प्राप्त गरेको, त्याग र बलिदानको उच्चतम उदाहरणहरु प्रस्तुत गर्न सफल भएको पढ्दा, कुराकानीहरु सुन्दा प्रारम्भमा मलाई पनि यसको नक्कल गर्नु पर्दछ, अनुकरण गर्नुपर्दछ भन्ने राष्ट्रिय भावना जागेर आयो । तर, त्यतिखेर म आफ्नो मास्टरी पेसामा लागेको, घरपरिवार हेरिराखेको, चलाइराखेको हुनाले सिर्फ नककल गर्ने भन्ने कुराले मात्र आफूलाई छुन पुग्यो । तर, आफ्नै देशमा यसको झण्डालाई मजबुतिका साथ कसरी गाड्न सकिन्छ भन्ने कुरा सोच्न सकिन ।' क.रामवृक्ष यादवले यो कुरा अयोध्यामा पहिलोपल्ट परिचय भई उठबस हुँदा क्रान्तिकारीहरु कसरी के गरी वामपन्थी राजनीतितिर आकर्षित हुन्छन् र स्थापित हुन पुग्छन् भनी कुरा चल्दा उहाँले 'म त सुरुको नकल्ली हुँ' भनी भन्नुभयो । अनि त्यसको प्रत्युत्तरमा मैले भनेँ- 'सुरुमा त जसले पनि नक्कलै गरेर सिकेका हुन्छन् । जुनसुकै क्षेत्र पनि प्रारम्भिक अवस्थामा नक्कलै सेम्बुलिक हुन्छ । पछि जबजब उनीहरुको अध्ययन र अनुभव तिखारिंदै जान्छ, बुझ्दै, सिक्दै, ठक्कर खाँदै जान्छन् किशोरहरु पनि बुढा परिपक्व हुन पुग्छन् ।' उहाँ कुशल गायक तथा संगीतकार पनि हुनुहुन्थ्यो । मैले उहाँलाई 'तपाई त राम्रो गायक, वाद्यवादक पनि हुनुहुँदोरहेछ । तपाईंको यो पक्ष यति सवल, प्रभावशाली होला भनी मैले चिताएको पनि थिइनँ । तपाईंको मधुर गलाबाट निस्केको गीतको धुन र शब्द सुन्दा, ढोलकको आवाज र हार्मोनियमको कर्णप्रिय औंलाको चालले उत्पन्न गरेको ध्वनी-तरंग सुन्दा तपाईंले त राजनीतिलाई आफ्नो सामान्य कार्यशैली मात्र बनाएर यो संगीतकै क्षेत्रमा तल्लीन भएर हिंडेको भए पनि अन्ततोगत्वा संगीत, साँस्कृतिक क्षेत्रको तपाईं पनि गैरी कपुर, विथोविन, पाल राब्सन आदि हुन सक्नुहुन्थ्यो होला' भन्दा उहाँले मेरो कुराको तुरुन्तै प्रतिउत्तर दिंदै भन्नुभयो, 'मलाई गाना बजाना



स्व. शक्ति लम्साल

र संगीतप्रतिको अत्यधिक आकर्षण, प्रेम र स्नेह सुरुदेखि नै थियो । तर, जसरी म राजनीतितिर खिचिंदै, आकर्षित हुँदै, बुझ्दै र जान्दै आएँ त्यसपछि मैले के सोचें भने नेपाली जनताको वर्तमान स्थितिलाई फेर्नका लागि त राजनीति नै प्रमुख हतियार हो । संगीत त त्यसैसँग सम्बन्धित एउटा प्रभावशाली अंग मात्र हो, हामीले मनोरञ्जनको वस्तुलाई गम्भीर बनाउन सक्दछौं ।' क.रामवृक्ष यादवले आफ्नो क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी-माओवादी संगठनात्मक क्रियाकलापको निर्माण र उठानमा जुन प्रभावशाली भूमिका पूरा गर्न सफल हुनुभयो, सबै जनमानसलाई आफूतिर आकर्षित गर्न र तान्नसक्नु भयो, त्यतिकै गीत र संगीतद्वारा पनि आफ्नो प्रभाव चिरस्थायी रुपमा दिन र छोड्न सफल हुनुभयो । उहाँ आफै गीत लेख्नुहुन्थ्यो र आफै संगीत र स्वर दिनुहुन्थ्यो । उहाँ अध्ययनशील पनि हुनुहुन्थ्यो । बारम्बार झूठ, षड्यन्त्र, धोखाधडी, विश्वासघातलाई लिएर बचपनदेखि नै उहाँमा उग्र किसिमको घृणा र प्रतिकारात्मक रोष थियो । अनि उहाँ सँधै झुठो बोल्ने आदतसँग सतर्क रहने गर्नुहुन्थ्यो । क.रामवृक्ष यादव भन्ने गर्नुहुन्थ्यो, "झुठो बोल्ने प्रवृत्ति हावी हुँदै गयो भने त्यसले सही कुरा भन्नुपर्ने भन्ने

**कुनै पनि माइकालालले आजसम्म मलाई आफ्नो धन, रोष, प्रतिष्ठा, मानसम्मान र दबाबबाट विभिन्न प्रकारका लोभ, लालच देखाएर झुकाउन सकेका छैनन्, न त म नै झुकेको छु । जहाँ व्यक्तिगत सम्पत्तिप्रतिको माया, मोह, लोभ, लालच केही हुन्न, त्यहाँ मान्छे सजिलैसँग सम्मान र प्रतिष्ठा साथ बाँच्न सक्छ ।**

शक्तिलाई हामीबाट खोसिदिएको हुन्छ । एउटा राजनीतिक कार्यकर्ता र नेता त्यसमा पनि सर्वहारावादी, मार्क्सवादी क्रान्तिकारीहरुमा सही कुरा भन्न र राख्न सक्ने चौखण्ड साहस हुनु आवश्यक छ । दुश्मन र गुप्तचरको चंगुलमा फँस्दा र आफ्नो अस्मितालाई बचाउनु पर्दा हजार झुठ पनि बोल्नुपर्ने खण्ड आइपर्छ तर आफ्नो पार्टीभित्र, परिवारभित्र, अति घनिष्ठ परिचित मित्रहरुको बीच त सफा, साँचो र खरो कुरा गर्नैपर्छ, राख्नैपर्छ । अहिलेसम्म कैयौं विघ्नवाधा, घातप्रतिघात, षड्यन्त्र, धोकाका बीच पनि म बाँचेर हिंड्न सकेको, दुस्मन र विरोधीहरुले मेरो स्वाभिमानलाई किन्न र झुकाउन नसक्नाको खास कारण म बचपनदेखि नै अति स्वाभिमानी हुनु हो । त्यसो हुनाले नै मेरो स्तिेदारहरु, प्रशासन, प्रहरीहरु, प्रतिपक्षीभित्र मत राख्ने राजनीतिक पार्टीका नेता र सक्रिय कार्यकर्ताहरुलगायत कुनै पनि माइकालालले आजसम्म मलाई आफ्नो धन, रोष, प्रतिष्ठा, मानसम्मान र दबाबबाट विभिन्न प्रकारका लोभ, लालच देखाएर झुकाउन सकेका छैनन्, न त म नै झुकेको छु । जहाँ व्यक्तिगत सम्पत्तिप्रतिको माया, मोह, लोभ, लालच हुन्न, त्यहाँ मान्छे सजिलैसँग सम्मान र प्रतिष्ठा साथ बाँच्न सक्छ ।" "यादवजी, मेरो दृष्टि र हेराइमा त मैले तपाईंलाई स्वाभिमानी मात्र होइन, धेरै सरल, नम्र पनि पाएँ ।' मैले उहाँप्रति लागेको आफ्नो भनाइलाई यसरी व्यक्त गरेपछि उहाँ करिब-करिब १५ मिनेट जति खुब घोरिनु भयो र त्यसपछि केही मुन्टो माथि उठाउँदै भन्नुभयो- 'साँच्चै कमरेड ! हाम्रै साथीहरुबीच र बाहिर पनि साधारण, अति नम्र स्वभाव भएको भनी बारम्बार उल्लेख गर्ने गरेको मैले पाएको छु । नम्रता, सरलता हाम्रो मैथिली जातीय संस्कार पनि हो । यो मैले वंशानुगत रुपमा मेरो बाबुआमाबाट पाएको गुण हो । हो, म आफ्नो दिवंगत बाबुआमाको केही झिना स्वभाव र मसिना व्यवहारप्रति असहमत छु तर म उहाँहरुलाई सम्मानका साथ हेर्नें, व्यवहार गर्ने गर्दछु ।'

'कमरेड तपाइँ यो क्रान्तिकारी वर्गीय राजनीतिप्रति कसरी आकर्षित भएर लाग्नुभयो त' भन्ने मेरो एउटा प्रश्नको उत्तरमा पछिल्लो तेस्रो पल्टको चितवनको भेटघाट, बसाइ र उठबसमा उहाँले भन्नुभयो- 'सायद मैले यो कुरा कसैको अगाडि व्यक्त गरेँ या गरेको छैन त्यो मलाई ठीकसँग सम्झना छैन तर वामपन्थी राजनीतिप्रति मेरो असाधारण आकर्षण र मेरो वर्तमान परिस्थितिले नै मलाई मार्क्सवादप्रति आकर्षित हुन र क्रान्ति र वर्गसंघर्षप्रति निष्ठासाथ लाग्न प्रेरित र प्रोत्साहित गर्‍यो । आफ्नो वरिपरि जुन घटना घट्ने गर्थ्यो, यहाँका सामन्त, सुदखोर, जग्गाधनी, शोषक, प्रतिक्रियावादी, राजनीतिक अपराधकर्मीहरुबाट आम दिन हुने गरेका कार्यहरु, अपराध र हत्या, दमन, बलात्कार, लुट-खसौट अग्निकाण्ड, प्रहरी दमन र प्रशासनिक हस्तक्षेप आदिले उत्पन्न गरेका व्यवहारलाई मैले नजिकैबाट ध्यानपूर्वक हेर्ने गर्दथे । वर्तमान आर्थिक र राजनीतिक परिपाटीको जुन राज्यसत्ता छ, त्यसले हाम्रो पछौटे स्थितिमा रहेका युवाहरुका लागि विकासका सबै ढोकाहरु बन्द गरिदिएको स्थिति थियो । स्थिति अति नै कहालीलाग्दो, कठिन थियो । यसलाई मैले कहिले पनि सामान्य हिसाबले लिइनँ । तसर्थ मेरो लगन, गम्भीर स्वभाव अनि आफ्नो क्षेत्र, इलाकाका ग्रामीण जनताप्रतिको उत्तरदायित्वले नै मलाई कम्युनिष्ट क्रान्तिकारी राजनीतितर्फ आकर्षण गर्‍यो । अर्को कुरा घरमा म माथि कुनै पनि किसिमको अंकुश थिएन । मेरो बाबुपछिको घरको म नै जिम्मेवार व्यक्ति भएको हुनाले मैले छिट्टै आफूलाई राजनीतिमा लगाउन सकैं । त्यस्तो प्रहरी, प्रशासन, अपराधकर्मी, पञ्च, कांग्रेसी गुन्डा आदिले प्रतिदिन आएर जनताको बीच आतंकको सिर्जना गर्ने, प्रत्येक इमान्दार मान्छेलाई चोरी, डकैती, हत्या आदिको अपराधमा फसाउँदै प्रहरीले आफ्नो चंगुलमा पारी हत्कडी लगाउँदै, लठ्ठीले बेस्सरी चुट्दै, हातखुट्टा भाँच्दै आफ्नो आँखा अगाडि प्रहरीकर्मी, अपराधी राजनीतिकर्मीहरुले स्वास्नीमान्छे, युवतीहरुलाई बलात्कार गर्ने, सताउने, यातना दिने आदिले त्यसप्रति विद्रोह र त्यसप्रतिको प्रतिशोधको भावना उत्पन्न नगरिदिएको भए म या त मास्टरजी मात्र भएर बस्दथेँ या हार्मोनियम-ढोलक आस्ताद, गायक, संगीतमास्टर मात्र हुन्थेँ ।' मैले आफ्नो अझै बाँकी केही कुरालाई सम्झना गर्दै प्रश्नहरु अघि सारेपछि उहाँले भन्नुभयो- 'कमरेड ! म सुरुमा गान्धीजीको सरलताबाट प्रभावित भएको व्यक्ति हुँ । त्यसपछि आर्यसमाजी भारतीय आन्दोलनबाट प्रभावित भएँ, केही रुपमा धर्मबाट पनि । जब मैले कुराहरु बुझ्दै र सिक्दै आएँ, जब थुप्रै मानिसहरुबाट गान्धीजीको बाटो छोड्दै क्रान्तिकारीहरुको बाटोतिर आकर्षित हुँदै आएको पाएँ, नौजवानहरु कम्युनिष्ट आन्दोलन-वर्गसंघर्षहरु भएको पढें, बुझें, सुनें, रुसको महान् अक्टुबर क्रान्ति, चीनको नयाँ जनवादी क्रान्तिलाई बुझ्न र पढ्न पाएँ, मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओ, होचिमिन्ह, भगतसिंह, सुभाषचन्द्र बोस, गंगालाल, भीमदत्त पन्त आदिका साहसपूर्ण कार्यहरु त्याग तथा बलिदानको लौमहर्षका जीवनी पढेर त्यसबाट प्रभावित हुन थालेँ । त्यसपछि नै मैले आफ्नो जीवनको कार्यक्षेत्रको रोजाइ राजनीतिलाई नै बनाएँ । अनि मैले आफ्नो जीवनमा आफूलाई भित्र र बाहिरबाट सिद्धान्त र व्यवहारमा एउटा सच्चा क्रान्तिकारी लडाकु, संघर्षशील कम्युनिष्ट कार्यकर्ताको रुपमा ढाल्ने प्रयास गरेँ । कम्युनिष्ट पार्टीमा प्रवेश गरिसकेपछि मैले दुई-तीन चिजलाई आफ्नो जीवनमा बडो खरो रुपमा उतार्ने काम गरेँ, त्यो हो पहिलो, मैले आफ्नो दुश्मनप्रतिको वर्गीय प्रतिशोधको भावनालाई आफ्नो हृदयबाट कहिले पनि हटाउने प्रयास गरिनँ । दोस्रो, आफ्नो राजनीतिमा वर्गीय द्वन्द्ववादलाई सँधै अंगीकार गरेर हिड्ने गरेँ । तेस्रो, वर्गीय घृणाको मैले कहिल्यै पनि उपेक्षा गर्ने गरिनँ । चौथो, आफूलाई मात्र होइन, आफ्नो घर, परिवार, स्वास्नी, छोराछोरी सबैलाई सर्वहाराकरण गर्ने र कम्युनिष्ट स्प्रिटबाट काममा लगाउने काम गरेँ । मलाई यसमा असन्तोष छैन । यसप्रति कुनै पनि किसिमको वितृष्णा र पश्चाताप छैन ।'

एक आमा, एक पत्नी, एक छोरा, दुई विवाहित छोरीहरु र दुई नाबालक छोरीहरु छोडेर जानु भएको कमरेड यादवबाट मैले सिकेको कुरा र उहाँको केही छोटो समयको विभिन्न बेलाको सद्भावबाट मैले पाएको प्रेरणा भनेको के हो भने क्रान्तिप्रति अगाध आस्था र विश्वास राखी त्यसमा निरन्तर रुपबाट आफूलाई परिचालन गरिराख्नु हो । आम्दानीको कुनै स्रोत र खाने, सुत्ने, बस्ने ठेगान नहुँदा पनि आफ्नो क्रान्तिकारी कार्यकर्ताहरुका बीच रही 'पार्टी नै मैरो लागि सबथोक हो' भनी त्यसमा समर्पित भई र क्रियाशील भई आफूलाई अनि आफ्नो जीवनको बाँकी भागलाई पनि क्रान्तिको लागि हिडिराख्नुभएको यादव साच्चिकैको लडाकु, संघर्षशील, क्रान्तिकारी नेता, लेखक, गायक र संगीतबाधक हुनुहुन्थ्यो । क.यादवले क्रान्तिकारी राजनीतिमा आफूलाई होमेर कहिल्यै पनि आफूलाई न त अपराधीको रुपमा प्रस्तुत गर्नुभयो, न त कुनै प्रकारको अपराध नै गरेको अनुभूत गर्नुभयो । उहाँको जीवनकार्य भनेको जनता र पार्टीप्रति समर्पित जीवनै थियो ।

(**कलम, वर्ष ५, अंक २, पूर्णाङ्क १८, फागुन-बैशाख**, २०५४-५५ **बाट**)

## संक्षिप्त समाचार

### मरामुमो क्रान्तिकारीको राष्ट्रिय भेला सम्पन्न

**अध्यक्षमा पुनः जनकपुरी, ४९ सदस्यीय केन्द्रीय समिति गठन**

**जनकपुर ।** नेकपा (क्रान्तिकारी माओवादी) निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपाल (क्रान्तिकारी)को राष्ट्रिय भेलाले सम्पन्न भएको छ । भेलाले केन्द्रीय अध्यक्षमा पुनः रोशन जनकपुरीलाई चयन गर्दै ४९ सदस्यीय नयाँ कार्य समिति चयन गरेको छ ।

आइतबार आयोजित पत्रकार सम्मेलनमार्फत् मरामुमो क्रान्तिकारीका केन्द्रीय अध्यक्ष जनकपुरीले पदाधिकारीको नाम सार्वजनिक गर्दै उपाध्यक्षमा रामआश्रय राम, महासचिवमा शिवराम यादव, सचिवमा वीरेन्द्र कुमार यादव र कोषाध्यक्षमा जितेन्द्र कुमार सिंह रहेको जानकारी दिएका छन् ।

त्यसैगरी सदस्यहरुमा हिरा बहादुर, पवन पटेल, शीतल कर्ण, कृष्णदेव सिंह, अमरलाल साह, खेमराज यादव, अम्बिका यादव, हरी लाभ, विशेश्वर राय, रामदेव कारक, संजय सिंह, बलिराम यादव, उपेन्द्र यादव, गांधी यादव, अनिता यादव, तपसी ठाकुर, ठक्कन महतो, अमरेन्द्र आनन्द, पन्नालाल पटेल, मुम्ताराज अन्सारी, सुरेश साह, रामनायक कहार, अनिल सिंह, दयाराम यादव, योगेन्द्र मुखिया, नन्दकिशोर राय, खड्ग साह, शिवमंगल चौधरी, इन्द्रजीत यादव र रामेश्वर यादव रहेका छन् भने १३ सदस्य पछि थप्ने गरी ४९ सदस्यीय केन्द्रीय समिति गठन गरिएको केन्द्रीय अध्यक्ष जनकपुरी बताए ।

### महिला मुक्तिका निम्ति संस्कार र संस्कृति बदल्न आवश्यक

**बुटवल ।** संस्कार र संस्कृति बदल्न नसक्दासम्म महिला मुक्ति संभव नहुने ४ भदौमा बुटवलमा आयोजित कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् .। उनीहरुले महिला मसक्तिका लागि संस्कार र संस्कृतिमा देखिएका विकृतिहरुलाई त्याग्दैं जानुपर्ने खाँचो पनि औल्याएका छन् । नेकपा क्रान्तिकारी माओवादी निकट अखिल नेपाल महिला संघ(क्रान्तिकारी)जिल्ला समिति, रुपन्देहीले बुटवलमा आयोजना गरेको 'तीज र महिला आन्दोलन' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरुले उक्त कुरामा जोड दिएका हुन् । कार्यक्रममा बोल्दैं संघकी केन्द्रीय सह-संयोजक अम्बिका मुडभरीले तीज मुठ्ठीभर हुने खानेको भएकोमा चिन्ता व्यक्त गर्दैं न्याय र महिला अधिकार आन्दोलनको रुपमा तीजलाई लिनपर्ने बताइन् । हरेक आन्दोलनमा महिलाको भूमिका महत्वपूर्ण हुंने तर राज्यको निकायमा पुग्दा पहुंच नहुंने दुःखदायी भएको उनले गुनासो गरिन् । वर्तको नामामा भगवानको पूजा गरेर महिला मुक्ति नहुंने कुरामा जोड दिदैं मुक्तिका लागि सबै प्रकारका भ्रम चिरेर आन्दोलननैं बिकल्प भएको मुडभरीले बताइन । क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य प्रेमसागर पौडेलले तीजले पर्वका नाममा महिला उत्पीडनलाई सस्थागत गरेको भन्दैं तीज मान्नुको अर्थ नरेको बताए ।

## यहीबेला सुकुम्बासीका ...

"अहिलेको स्थिति संक्रमणकालभित्रको संक्रमणलीन रहेको र स्थायी प्रकृतिको सरकार नबनेको अवस्थामा सुकुम्बासीहरुका विरुद्ध भएका गतिविधि गलत छन्, यो समस्यालाई सकेसम्म र्‍याडिकल्ली नभएपनि सुधारात्मक रुपमा समाधान गर्ने कोशिस गर्नेछु ।"

क्रान्तिकारी माओवादीका नेता रामसिंह श्रीसले ९ बुँदे मागसहितको ज्ञापनपत्र पढेर प्रधानमन्त्रीलाई सुनाएका थिए । सुकुम्बासीका नेताहरुले खिलराजको पालादेखि नै सुकुम्बासी बस्तीमा पानी, विजुलीको सुविधा कटौती गरेको र भूकम्प पीडित सुकुम्बासीहरुले पनि सुकुम्बासी भएकैले राज्यबाट कुनै राहत नपाएको भनेर राखेको विषयमा भने प्रधानमन्त्री प्रचण्ड मौन रहे । नेकपा (क्रान्तिकारी माओवादी)का हरिभक्त कँडेल, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत र अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघका महासचिव सन्ध्या प्रधानलगायत सुकुम्बासी नेताहरु पनि ज्ञापन पत्र बुझाउने क्रममा उपस्थित थिए । माग पूरा नभए एकल वा संयुक्त रुपमा आन्दोलन चर्काउने ज्ञापनपत्रमा जनाइएको छ ।

यस्ता छन् नौ बुँदे माग :

१. सुकुम्वासीहरूलाई कुनै वैकल्पिक व्यवस्था नगरीकनै उठाउने, उठाउनको लागि सूचना जारी गर्ने, खेती बाली नष्ट गर्ने कार्य अविलम्ब रोकियोस् ।
२.खिलराज सरकारको पालादेखि सुकुम्वासी वस्तीमा पानी, बिजुलीको सुविधा कटौती गरिएको छ । सुकुम्वासी बस्तीमा पानी, बिजुली आपूर्तिको अविलम्ब व्यवस्था गरियोस् ।
३.वास्तविक सुकुम्वासी र नक्कली सुकुम्वासीलाई छुट्याउने काम गरियोस् । वास्तविक सुकुम्वासीलाई आफू रहेको स्थानमा जग्गाधनी पुर्जा दिने व्यवस्था गरियोस् ।
४.वास्तविक सुकुम्वासीलाई परिचयपत्रको व्यवस्था गरियोस् ।
५.वास्तविक सुकुम्वासीहरूलाई औषधी उपचारमा छूटको व्यवस्था गरियोस् ।
६.वास्तविक सुकुम्वासीहरूका बच्चाहरूलाई निःशुल्क शिक्षाको व्यवस्था गरियोस् ।
७.वास्तविक सुकुम्वासीहरूलाई रोजगारीको व्यवस्था गरियोस् ।
८.वास्तविक सुकुम्वासीहरूलाई स्थानान्तरण गर्नुपर्ने अवस्थामा वैकल्पिक व्यवस्था गरेर मात्र स्थानान्तरण गरियोस् ।
९.देशभरि सुकुम्बासी वस्तीहरुमा राज्यको तर्फबाट गरिएको नोक्सानीको क्षतिपूर्ति उपलब्ध गराइयोस् ।

## गर्ने सशस्त्र ...

क्रान्तिको असफलताबाट पाठ सिक्दै क्रान्तिको बाँकी कार्यभार पूरा गर्न क्रान्तिकारीहरुले जनतामा रहेको अविश्वासलाई विश्वासमा बदल्न सक्नुपर्ने बताए । बलिदान नै क्रान्तिको उर्जा भएकोले सहिदहरुले देखाएको मार्गमा हिड्न क्रान्तिकारीहरु हरहमेसा तयार रहनुपर्ने औल्याए ।

दोरम्बा हत्याकाण्डमा ज्यान गुमाउनुहुने सहिद प्रदीप तामाङका बुवा कृष्ण तामाङले सो कार्यक्रममा निकै मार्मिक ढंगले कुरा राखेका थिए । उनले आफू ०४२ सालदेखि नै मोटो मसालहुँदै निरन्तर क्रान्तिकारी धारसँग नजिक रहेर काम गरे पनि पार्टीका नेताहरुमा देखापरेको गैरसर्वहारावादी चिन्तनप्रवृत्तिले गर्दा आफू खुलेर पार्टीमा काम गर्न नसकेको बताउँदै हिजो संसद भनेको खसीको टाउँको राखेर कुकुरको मासु बेच्ने थलो भनेर सिकाउने नेताहरु आज त्यही संसदीय व्यवस्थामा कुकुरको मासुको व्यापारी बनेको भन्दै आक्रोश पोखे । उनले भने, "मेरो त पसिना मात्रै होइन, रगत बगेको छ माओवादी आन्दोलनमा । रगतमा पौडी खेलेर आएका नेताहरु आज संसदभित्र छिरेर कुकुरको मासु बेच्न थालेका छन् । यिनीहरुबाट अब सहिदको सपना पूरा हुन सक्दैन । उनीहरुले सहिदको गम्भीर अपमान गरेका छन् ।"

०६० साल साउन ३२ गतेको दोरम्बा हत्याकाण्डमा अम्बिका दाहाल'ललिका', प्रदीप दोङ'रक्तिम', टेकबहादुर थापामगर'विवेक', चतुरमान थामी'समर', हर्क घिसिङ'यथार्थ', बाबुराम लामा'पुष्प', विष्णुमाया मगर'विमा', रवि चौहान'समिर', ठूलाराम तामाङ'छोप्पा', सानाराम तामाङ'तारा', लक्ष्मण तामाङ'छायाँ', श्याम तामाङ'इन्क्लाव', उमा कार्की'सहारा', पदमराज गिरी'असल', युवराज मोक्तान, लिला मोक्तान, सोमाई थामी'संगीता', हर्कलक्ष्मी राई' विमला', जमिन, सोम, उषा गरी २१ जना माओवादी योद्धाहरुले ज्यान गुमाएका थिए ।

जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# तीन बुँदे उधारो सहमतिले उब्जाएको प्रश्न



❍ नगेन्द्र राई

भारतको डिजाइनमा नेपाली माके र नेपाली कांग्रेसको सरकार गठन गर्नको लागि माके, नेका र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा/संघीय गठबन्धनबीच भएको तीनबुँदे सहमतिको बुँदा नं. १ मा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा/संघीय गठबन्धनले नेपाल सरकार समक्ष प्रस्तुत गरेका मागहरु मध्य संविधानसँग सम्बन्धित रहेका विषयहरुमा सहमतिका आधारमा सरकारले संविधान संशोधनको प्रस्ताव व्यवस्थापिका संसदमा प्रस्तुत गर्ने भन्ने सहमतिको मूल विषय हो । प्रथमतः पछिल्लो चरणमा आन्दोलनरत मोर्चा भनेको संघीय गठबन्धन हो । यसमा मधेसी, आदिवासी, जनजाति, खस, दलित लगायत २९ वटा घटक रहेको संघीय गठबन्धनको निर्माण भएपछि संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको पृथक आन्दोलन थिएन । तर नियतवस संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र नेका माकेले अस्तित्वमा ल्याई मुख्य सहमति मधेसी मोर्चासँग गरेको देखिन्छ । यी घटकहरुमध्ये थरुहट तराई पार्टीका दुई सभासदभन्दा अरु घटकसँग संसद थिएनन् । नेका माकेको सरकार गठन गर्नका लागि सभासद चाहिएको थियो भने मधेसी मोर्चाका नेताहरु पनि सरकारमा जाने एउटा अवसरको खोजीमा थिए । त्यो यो तीनबुँदे सहमतिले ढोका खोलिदियो । नेकामा के मधेसी मोर्चासँग नै किन सहमति गर्न चाहन्छ भन्ने अर्को मुख्य विषय के छ भने मधेसीहरुको माग सिमांकन र जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको निर्धारण हो । अहिलेकै ७ वटा प्रदेश अन्तर्गत सुनसरी, मोरङ, झापा र चितवनको केही भाग २ नं. प्रदेशको विस्तार गर्‍यो भने उनीहरुकोमाग र राज्य संरचनाको माग पूरा हुने देखिन्छ । त्यस्तै जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको निर्धारण पनि अधिकतम र न्यूनतम संख्याको निर्धारणले समाधान हुने देखिन्छ । यी मागहरु आदिवासी जनजातिले उठाएका मागहरुभन्दा पूरा गर्न सजिलो छ । आदिवासी जनजातिको माग भनेको पहिचान र स्वशासनमा आधारित संघीयता हो । जुन पछिल्लो संविधानसभा राज्य पुनर्संरचना समिति र आयोगले तयार पारेको प्रतिवेदनमा अधिकतम १४ र न्यूनतम ११ वटा राज्य हुने देखिन्छ । यो माग अहिले संविधानसभामा रहेका ठूला दलले कुनैपनि हालतमा स्वीकार गर्नेवाला छैनन् । तर यी दुवै समुदायको माग पूरा गर्नका लागि संविधान संशोधन गर्न जरुरी छ । तर संविधान संशोधन गर्नसक्ने दुईतिहाई बहुमत यो गठबन्धनको सरकारसँग छैन । मुख्यतः यी मुद्दाहरु स्वयं प्रचण्ड नै समाधान गर्न चाहँदैनन् । प्रचण्ड मधेसी,

> प्रचण्ड मधेसी, आदिवासीको पक्षमा आफूलाई उभ्याएको देखाए पनि त्यो भ्रम हो, उनको पाखण्ड हो । यो प्रतिगामी संविधानको जग भनेको १६ बुँदे नेका, एमाले, माके र विजय गच्छेदारबीच भएको सम्झौता हो । त्यही बेला प्रचण्ड ३० दलीय आन्दोलनलाई गद्दारी गर्दै सम्झौता गर्न पुगेका थिए ।

आदिवासीको पक्षमा आफूलाई उभ्याएको देखाए पनि त्यो भ्रम हो, उनको पाखण्ड हो । यो प्रतिगामी संविधानको जग भनेको १६ बुँदे नेका, एमाले, माके र विजय गच्छेदारबीच भएको सम्झौता हो । त्यही बेला प्रचण्ड ३० दलीय आन्दोलनलाई गद्दारी गर्दै सम्झौता गर्न पुगेका थिए । अब प्रचण्डले यी मुद्दाहरु बलियो ढंगले अडान लिन्छन् भन्ने कुनै ग्यारेन्टी गर्न सकिन्न, किनकि उनको मूल चरित्र नै धोका दिनु हो । १० वर्षको जनयुद्धमा पनि गद्दारी गरेकै हो । अहिले त संविधान संशोधनका लागि व्यवस्थापिका संसदमा प्रस्ताव लाने भन्ने मात्र छ । पास गर्ने कुनै प्रतिवद्धता छैन । सत्तारुढ दलमा नै संशोधन प्रस्तावमा एकमत हुन्छ भन्ने छैन । पहिलो संविधानमा पनि ने.का. शेरबहादुर एमाओवादीकै नेता लेखराज भट्टलगायतले अखण्ड पश्चिमको आन्दोलनको नेतृत्व गरेकै हो । थारुवानको विरोध गरेकै हो । यस्तो स्थितिमा संसदमा हाम्रो मागअनुसारको प्रस्ताव नै जान सक्दैन । यदि प्रस्ताव गइहालेपनि त्यो पास हुँदैन । यस्तो अवस्था बुझिबुझि सम्झौता किन भयो ?

पहिलो त मधेसी नेता साथीहरुको सत्तालिप्सा, दोस्रो भारतको डिजाइनमा बनेको सरकार र सरकारसँग यति सभासद छन् भन्ने देखाउनु पनि छ । कसैको प्रभावलाई पुष्टि गर्न, कसैको सत्तालिप्सा पूरा गर्न, विभिन्न आकांक्षाहरु पूरा गर्नको लागि गरिएको पूरा नहुने उधारो सहमति हो । यो सहमतिले न्यायप्रेमी मधेसी, आदिवासी, जनजाति, दलित, मुस्लिमको माग पूरा गर्न सक्दैन । हामीले के बुझ्न जरुरी छ भने स्वतन्त्र मुलुकका जनताले मात्र आफ्ना स्वाधीन अधिकारहरु उपभोग गर्नसक्छ । विदेशी शक्तिहरुको दलाली गर्ने दलालहरु चाहे त्यो आन्दोलनकारीको रुपमा देखिए पनि, चाहे त्यो शासकको रुपमा देखिए पनि त्यस्ता नेताहरुले हाम्रा अधिकार दिन सक्दैनन् न स्थापित गर्न सक्छन् । त्यसैले उत्पीडितहरुको आन्दोलन स्वतन्त्रताका लागि हुनुपर्छ । हामीले आन्तरिक औपनिवेशिकरण र बाह्य औपनिवेशिकरणको विरुद्धमा राष्ट्रिय स्वाधीनता र स्वशासन आन्दोलनका मुख्य मुद्दा बनाउनुपर्दछ । त्यसका साथै वर्गीय रुपमा पनि आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिमहरु नै बढी गरिबीको रेखामुनि भएको हुनाले हाम्रो आन्दोलन श्रमजीवी वर्गको वर्गीय आन्दोलनसँग एकाकार गर्नुपर्छ । यसरी समग्र उत्पीडितहरुको आन्दोलनलाई एकढिक्का बनाउन सकेमात्र हाम्रो मुक्ति सम्भव छ ।

# म विप्लव समूहसितको एकताप्रक्रियामा सामेल छैन : बराल

न्यक्लिअस पार्टीका प्रवक्ता डा. ऋषिराज बरालले एक विज्ञप्ती जारी गर्दै आफू विप्लव समूहसितको एकता प्रक्रियामा सामेल नरहेको जनाएका छन् ।



बरालले आइतबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "विखण्डित र विभाजनको अवस्थामा रहेको नेपालको माओवादी आन्दोलनलाई क्रान्तिकारी कार्यदिशाका आधारमा एकीकृत गर्दै नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नु आजको आवश्यकता हो र यही आवश्यकता पूरा गर्ने माध्यमका रूपमा कम्युनिस्ट न्युक्लिअस, नेपालको गठन भएको थियो । गठनका आरम्भका दिनमा यसले यो प्रयासलाई घनीभूत रूपमा अगाडि बढाएको पनि थियो । प्रचण्डको नेतृत्वमा दक्षिणपन्थीहरू ध्रुवीकृत भइरहेको अवस्थामा एकता र ध्रुवीकरणको प्रयास कमरेड मोहन बैद्यले नेतृत्व गर्नुभएको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) र विप्लवले नेतृत्व गर्नुभएको नेकपा माओवादीबीच हुनु स्वाभाविक थियो । परन्तु, सशस्त्र जनसङ्घर्षको कार्यदिशालाई नेपाली समाजको विशिष्टताअनुसार अझ ठोस र वैज्ञानिक बनाएर नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने नीति, योजना र कार्यक्रमप्रति विप्लव समूहको रुचि नरहेको र 'एकीकृत जनक्रान्ति' को अमूर्त कार्यदिशाबाट टसमस हुने स्थिति नरहेको कारण नेकपा (क्रान्तिकारी माओवादी), नेकपा माओवादी र कम्युनिस्ट न्युक्लिअस, नेपालबीच एकताको प्रयासले सार्थक रूप लिनसकेन ।

यसैबीच कम्युनिस्ट न्युक्लिअसको बहुमत सदस्यहरूले विप्लव समूहको कार्यदिशा लगायतसबै कार्यक्रमहरू स्वीकार गरी एकताका नाममा विप्लव समूहमा विलय हुने निर्णय गरेकाले आफू सो निर्णयप्रति असहमत रहेको र विप्लव समूहसित 'एकता प्रक्रिया' मा सामेल नभएको यथार्थ प्रस्ट पार्दछु । साथै तत्काललाई नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) सित सहकार्य गर्दै, कम्युनिस्ट न्युक्लिअसको सेरोफेरोमा रहेका र यस निर्णयप्रति असहमत बुद्धिजीवी साथीहरूसित छलफल गरी आगामी दिनमा कसरी जाने भन्ने कुराको निर्णय गर्ने कुरा पनि प्रस्ट पार्दछु ।"

## यसरी पुनर्जागृत ...

छ । शिक्षक, मजदुर, विध्यार्थी, दलित, महिला, नेवा, थारु, तामाङ मोर्चा तथा संगठनका केन्द्रीय समितिहरु भेला तथा बैठकबाट पुनर्गठन गरिएको छ । क्रान्तिकारी युवा लिगको यही भाद्र १५ र १६ मा काठमाडौंमा राष्ट्रिय भेला हुँदैछ ।

### मोर्चा समिति निर्माणको तयारी

नेकपा (क्रान्तिकारी माओवादी)ले संयुक्त मोर्चा समितिको निर्माणलाई तीव्रता दिएको छ । उसले भदौ २६-२८ सम्म उक्त समितिको भेला राखेको छ । भेलालाई भव्य र प्रभावकारी बनाउन व्यापक तयारी गरिएको छ । पार्टीको पछिल्लो केन्द्रीय समितिको बैठकले बरिष्ठ नेता सिपी गजुरेललाई संयुक्त मोर्चा समितिको संयोजक तोकिसकेको छ । मोर्चाको नाम भने भेलाबाटै ठोस गरिने बताइएको छ । मोर्चालाई क्रान्तिको साधनको रुपमा प्रयोग गरिने क्रान्तिकारी माओवादी नेताहरुले बताउँदै आएका छन् ।

### संघर्ष उठानका प्रयासहरु

पार्टीको पछिल्लो विभाजनयता क्रान्तिकारी माओवादीले पार्टी स्वयम् र जबस मोर्चामार्फत् राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुलाई लिएर संघर्ष उठानका प्रयासहरु गरिरहेको छ । राज्यले सुकुम्बासीहरुमाथि गरेको दमनका विरुद्धमा नेपाल सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाललाई ९ बुँदे ज्ञापन पत्र पार्टी अध्यक्ष किरणकै नेतृत्वमा बुझाइएको छ । पार्टी निकट विध्यार्थी संगठन अखिल (क्रान्तिकार ी)ले शिक्षा क्षेत्रमा देखिएका विकृति, शुल्कवृद्धि, अनियमितता लगायका विषयहरुलाई लिएर निरन्तर तालाबन्दी, मागपत्र पेश, अल्टीमेटम दिने लगायतका आन्दोलनका कार्यक्रमहरु अगाडि बढाइरहेको छ । माथिल्लो कर्णाली जलविद्युत आयोजनामा भएको राष्ट्रघातको विरोध, त्यो आयोजना नेपालीहरुले नै बनाउनु पर्ने आवाज पनि पार्टीले उठाउँदै आएको छ । सप्तरीको तिलाठीका जनताले एकतर्फी रुपमा भारतीयहरुले बाँध भत्काएर देखाएको वीरताको पक्षमा र समर्थनमा विज्ञप्ती मात्र निकालिएन सभा नै आयोजना गरियो । जबस मोर्चाहरुले संयुक्त रुपमा उपत्यकाका तीनवटै जिल्ला सिडियो कार्यालयमार्फत् नेपाल सरकारलाई ज्ञापनपत्र बुझाउने लगायत पार्टीपंक्तिलाई संघर्षमा परिचालन गर्ने र साना ठूला संघर्ष उठाउने प्रयास यसबीचमा गरिएका छन् ।

### फाटिदैछ निराशाको बादल

दायाँ र बायाँबाट छरिएका भ्रम र आएको विभाजनबाट निराश बनेका कार्यकर्ताहरु अहिले माके र विप्लव माओवादीको हालत देखेपछि सबैभन्दा क्रान्तिकारी र आफ्नो उद्देश्यमा अविचल रुपमा लागेको पार्टी त क्रान्तिकारी माओवादी नै रहेछ भन्ने निष्कर्षमा पुगेका छन् । क्रान्तिकारी माओवादीका नेताहरुले पार्टीबाट दक्षिणपन्थी र बामपन्थी अवसरवादीहरु बाहिरिएर पार्टी अझ शुद्धीकृत भएको भन्दै देखाएको सक्रियता, कार्यदिशामा गरिएको विकास र क्रान्तिका लागि गरिएको विश्लेषणबाट कार्यकर्तामा निराशाको बादल फाट्न थालेको छ । फेरि क्रान्तिकारी माओवादीको झण्डमुनि क्रान्तिकारीहरु गोलबन्द हुने क्रम बढेर गएको छ र क्रान्तिकारीहरुका लागि क्रान्तिकारी माओवादी नै आकर्षणको केन्द्र बन्द बन्दै गएको छ । पछिल्ला दुई महिनायताका पार्टीका गतिविधि र त्यसमा परिचालित भएको पार्टीपंक्तिलाई हेर्दा नेता कार्यकर्ताहरुमा उत्साह र आत्मविश्वास बढेर गएको छ ।

### नेताहरुमा बढेको छ आत्मविश्वास

पार्टीबाट स्थापित र मै हुँ भन्ने नेताहरुको ठूलै पंक्ति क्रान्तिमार्ग छोडेर नवसंशोधनवादी कित्तामा पुगेपछि केही गम्भीर बनेका पार्टी अध्यक्ष मोहन वैद्य' किरण', बरिष्ठ नेता सिपी गजुरेल लगायतका नेताहरुमा राष्ट्रिय भेलादेखि कमाण्डस्तरसम्मको प्रशिक्षणसम्म आइपुग्दा आत्मविश्वासको मात्रा अझ बढेको पाइन्छ । केन्द्रीय तहका केही नेताहरु दायाँबायाँ लागे पनि पार्टीको ग्राउण्ड बलियो पाए नेताहरुले । फिल्डमा बँचेका क्रान्तिकारी कार्यकर्ताहरुको उत्साहजनक उपस्थितिले नेताहरुलाई पनि उत्साहित बनाएको छ । 'पार्टी नै सक्यो, अब बैद्यहरु मोहनविक्रम सिंह हुने हुन्' भनेर पार्टीलाई धारेहात लगाउँदै प्रचण्डको टाङमनि छिरेका दक्षिणपन्थी अवसरवादीहरु क्रान्तिकारी माओवादीले यसबीचमा देखाएको राजनीतिक तथा सांगठानिक उपस्थितिबाट आश्चर्य मान्न थालेका छन् । विचार, राजनीति, संगठन र संघर्षको यो स्पिरिटलाई फाल्गुनमा गर्ने भनिएको सम्मेलनसम्म लैजादा नेकपा (क्रान्तिकारी माओवादी) नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नसक्ने आत्मगत क्षमताले समृद्धशाली भएर आउने वामपन्थी विश्लेषकहरुको ठहर छ । उनीहरु भन्छन्, "क्रान्तिकारी माओवादी बाहेक अन्य कुनै पार्टीले क्रान्ति गरिखाने देखिएन । गर्‍यो भने यही पार्टीले गर्ला । माके र विप्लव माओवादीको त कुरै नगरौं, उनीहरु प्रतिक्रियावादी सत्ताको साझेदारीभन्दा पर जान चाहदैनन् ।"

### नेताहरुको स्पष्टोक्ति

कार्यकर्ता र जनतामा नेकपा (क्रान्तिकारी माओवादी)ले आफ्ना स्पष्ट भनाइहरु राख्ने गरेका छन् । उनीहरुले भन्ने गरेका छन्- 'अहिलेको चरण नयाँ जनवादी क्रान्तिको चरण हो । जनवादी क्रान्ति नै पार्टीको मूल कार्यदिशा हो । सशस्त्र संघर्षविना जनवादी क्रान्ति सम्पन्न गर्न सकिन्न । बदलिएको परिस्थिति अनुसार नेपाली विशेषतामा आधारित रहेर फौजी कार्यदिशालाई समृद्ध पार्नुपर्छ । क्रान्तिका तीन जादुगरी हतियार अनिवार्य हुन्छ । मालेमावाद नै पार्टीको मार्गनिदेर्शेक सिद्धान्त हो । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुमा विचार र एजेण्डा मिल्नेहरुसँग तत्काल एकतामा होइन, ध्रुवीकरणमा जोड दिने आदि ।' वर्गसंघर्ष र अन्तर्संघर्षका ठूल्ठूला लडाईंहरु पचाएर आएका पार्टी अध्यक्ष किरणलाई यति आत्मविश्वास छ कि आफ्नै जीवनकालमा नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न सकिन्छ ।

## विप्लव माओवादी ...

निष्कर्ष हो भने स्वभाविक रुपमा क्रान्तिको रणनैतिक उद्देश्यमा पनि परिवर्तन आउँछ र गर्नुपर्दछ । तर, उनीहरुले समग्र क्रान्तिको रणनीति नयाँ जनवाद भन्दै आएको पृष्ठभूमिमा अहिले जुन विचार अगाडि सारेका छन्, त्यसले दुईवटा निष्कर्ष निकाल्दछ : पहिलो, उनीहरु आफ्ना उद्देश्यप्रति स्पष्ट छैनन् र यसप्रकारका विचार प्रकट गर्दै आएका छन् । दोस्रो, उनीहरुले आफ्नो जे कुरालाई रणनीतिक उद्देश्य बताएका छन्, त्यसप्रति उनीहरु इमान्दार छैनन् । जहाँसम्म उनीहरुको क्रान्तिप्रतिको विश्वासको कुरा छ, त्यो उनीहरुको नियतमा होइन विचार राजनीतिमा खोज्नुपर्दछ । अहिले उनीहरुले व्यक्त गरेका विचारहरु आफैमा भ्रमपूर्ण छन् । चाहे त्यो अर्थ-राजनीतिक प्रश्नमा होस् वा सत्ताको चरित्रको प्रश्नमा । उनीहरुले सत्ता साझेदारीको जुन कुरा गर्दै आएका छन्, त्यो मार्क्सवादी चिन्तनमा आधारित देखिँदैन । मार्क्सवादीहरुले मान्दै आएको दृष्टिकोण राज्यसत्ता एउटा वर्गको अधिनायकत्व कायम गर्ने साधन हो, जसले विरोधी वर्गमाथि अधिनायकत्व कायम गर्दछ र त्यसमा साझेदारीको प्रश्न उठ्दैन । तर नेकपा माओवादीले बारम्बार सत्तासाझेदारीको जुन कुरा उठाउँदै आएको छ, त्यो मार्क्सवादी मान्यतासँग कतै मेल खाँदैन । त्यतिमात्र होइन, सत्ता साझेदारीको कुराले मूलभूतरुपमा विरोधी वर्गसँग सम्झौता गर्ने कुराको पक्षपोषण गर्दछ । यो विचार सबैभन्दा पहिले ख्रुश्चेवले सबै जनताको सत्ता भन्ने कुरालाई अगाडि सारेका थिए र अहिले त्यही बासी कुरालाई नेकपा माओवादीले वकालत गर्नु विडम्बनाको कुरा हो । पछिल्लो समयमा यूरोपका कतिपय देशहरुले समावेशीताको नाममा यो कुरालाई उठाउँदै आएका छन् । सारमा यी विचारहरुले सम्झौतापरस्त दृष्टिकोण अँगालेको कुरा जगजाहेर छ । यसप्रकारका गलत विचारहरुलाई नेकपा माओवादीले समयमा नै सच्याएन भने त्यसको परिणति सम्झौता परस्त राजनीतिमा नै टुंगिने निश्चित् छ । सत्ताको प्रश्नमा जसरी उनीहरुले सम्झौतापरस्त नीति अपनाउँदै आए । त्यसैको परिणाम अहिले सामन्तवादको अन्त्य भएको घोषणा पनि त्यो वर्गप्रतिको सम्झौतापरस्त नीतिकै रुपमा आएको देखिन्छ । यसप्रकारका गलत नीतिहरुलाई सच्चाउनका लागि नै हाम्रो प्रयत्न हुन्छ र हुनेछ । तर, हाम्रो प्रयत्न वा चाहनाले भन्दापनि उनीहरुले अँगाल्ने राजनीतिले निर्णयक महत्व राख्ने कुरा स्पष्ट छ ।

## रामवृक्ष माड्साब ...

किरणले मधेसमा रामवृक्ष माड्सावजस्ता नेताहरुको उच्च खाँचो रहेको औल्याए । माड्साव क्रान्तिकारी विचारको मात्र नभएर साँस्कृतिक धरोहर पनि रहेको त्यस क्रममा उल्लेख गरे । कार्यक्रममा नेता सिताराम तामाङ, कष्णदेवसिह दनुवारलगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

यसैबीच, धनुषाको जनकपुरमा आयोजना गरिएको सहिद रामवृक्ष यादवको स्मृति कार्यक्रममा प्रमुख अतिथिको आशनबाट बोल्दै पार्टीका केन्द्रीय सदस्य तथा मधेसी राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष रोशन जनकपुरीले सहिद रामवृक्ष माड्सावलाई स्मरण गर्नुको अर्थ नेपालमा नयाँ जनवादी व्यवस्था स्थापनार्थ क्रान्तिको मार्गमा लाग्नु हो भन्दै बहुमुखी प्रतिभाका धनी माड्सावको जीवनीबाट क्रान्तिकारीहरुले सिक्नुपर्ने धेरै कुरा रहेको बताए ।

जिल्ला पार्टी धनुषाले आयोजना गरेको सो कार्यक्रममा पार्टीका केन्द्रीय सल्लाहकार शित्तल कर्णलगायतको उपस्थिति रहेको थियो ।

## वर्गसंघर्षबाट अलग ...

सम्झौता गर्लान्, तर त्यसले मधेशी मुक्ति असम्भव भएको र मधेश आन्दोलन लगायत जातीय आन्दोलन र वर्गीय आन्दोलनलाई संगसंगै लैजानुपर्ने आवश्यकता रहेको बताए ।

अध्यक्ष किरणले जनताको मुक्तिको लागि संघीय जनगणतन्त्रको स्थापना हुनु नितान्त जरुरी रहेकोमा जोड दिए । संघीय जनगणतन्त्रको स्थापना नहुञ्जेलसम्म जातीय तथा वर्गीय मुक्ति नहुने ठोकुवा गरे ।

उनले अहिलेको आवश्यकता आमूल परिवर्तन रहेको कुरामा जोड दिदैं भने पुरानो राज्यसत्ताको ध्वस्तविना घोषणा गरिएको संघीयता प्रादेशिकको संरचना समेत अन्योलताबाट अग्रसर भएकोले गर्दा सिमांकन लगायतका विभिन्न विवाद यथावत नै रहेको बताए ।

पुष्पकमल दहाल प्रचण्डतर्फ ईंगित गर्दै अध्यक्ष किरणले उनी संशोधनवादमा फसेकोले जनयुद्ध असफल भएको बताउदैं भने, "संसदीय व्यवस्थाको विरुद्ध विगुल फुकी आन्दोलनमा होमिएका मुल नेता प्रचण्ड अहिले त्यही व्यवस्थामा फर्किएका छन् । कसरी क्रान्ति सम्पन्न र सफल भएको मान्न सकिन्छ ? उनने त जनतामाथि गद्दारी गरेका हुन् ।"

अहिले पनि आन्दोलन र क्रान्ति जारी नै छ, संघीय जनगणतन्त्र स्थापना नहुञ्जेलसम्म, मधेशी, आदिवासी, जनजाती, महिला, मुस्लिम, पिछडिएका वर्ग, उत्पीडित वर्ग लगायतकाहरुको आन्दोलनलाई वर्ग संघर्षमा जोडेर आन्दोलनलाई नयाँ शिराबाट उठान गर्न आवश्यक रहेको बताए ।

## मधेस आन्दोलनलाई ...

भएपनि आन्दोलनको असफलताले यो कुरा स्थापित गरिसकेको छ कि वर्गसंघर्षसँग नजोड्दासम्म मधेशी, जनजाती, आदिवासी, महिला, मुस्लिम, पिछडिएका वर्ग र उत्पीडित वर्ग लगायतकाले गरेको आन्दोलन निष्कर्षमा पुग्न सक्दैन ।" अध्यक्ष जनकपुरीले अहिले जारी गरिएको नयाँ संविधान जनताको हितमा नभएकाले यसलाई खारेज गरी जनताको संविधान ल्याउनुपर्नेमा जोड दिए ।

**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रधान सम्पादक** : कुमार शाह, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं